वर्ष : १४, अंक : १, काठमाडौं, २०७५ बैशाख ७ गते शुक्रबार 20 April 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रकाशकीय

# हामी १४औं वर्षमा

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित मधेशवाणी राष्ट्रिय साप्ताहिक सफलतापूर्वक १३ वर्ष पूरा गरी १४औं वर्षमा प्रवेश गरेको छ । यो हाम्रो १४औं वर्षको यात्रामा साथ दिने सम्पूर्ण शुभचिन्तक, शुभेच्छुक, पाठकवर्ग, सहयात्री, विज्ञापनदाता लगायत सम्पूर्ण जनमानसमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । मधेशलाई केन्द्रमा राखेर आफ्नो देश र जनताको पक्षमा भूमिका निर्वाह गर्दै आएको मधेशवाणी परिवार आजबाट १४औं वर्षमा प्रवेश गरेकोमा हामी हर्षित भएका छौं । मधेशी जनताको हितको संरक्षण र अवरोधको पहिचान गरी सिपाहीको भूमिका निर्वाह गर्न पाएकोमा हामी आफूलाई सौभाग्यशाली ठान्दछौं । मधेश र मधेशीको स्थान/आकारको सुनिश्चितता तथा सम्मानपूर्ण जीवनका निमित्त निरन्तर संघर्षमा रहेको मधेशवाणी परिवारले रंगभेद र स्वसामुदायिक विभेदका विरूद्ध पूर्ववत् रूपमा सक्रिय रहने प्रतिबद्धता समेत जाहेर गर्दछौं ।

अधिकार प्राप्तिको संघर्ष, त्याग र उपलब्धिमा साझापन ल्याउन नसकेको कारण नेतृत्व वर्ग आलोचित हुनु परेको पीडा हामीसँग छ । समानता, समन्याय र समृद्धिका निमित्त सक्रिय राष्ट्रिय साप्ताहिक मधेशवाणीले स्थापनाको १४औं वर्षमा प्रवेश गरेकोप्रति सगौरव आभार प्रकट गर्दछौं । सोच, स्थापना, सहकार्यता र सहयात्रामा सहयोग गर्नु भएका सम्पूर्णलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि सहयोग, सद्भाव र सल्लाह पाइराख्ने विश्वास छँदैछ । मधेशीलाई अधिकार सम्पन्न बनाउन हामी निरन्तर लागिराख्ने छौं । सम्मानसहितको सहभागिता र रंगभेदमुक्त नेपाल निर्माणमा हाम्रो संघर्ष जारी नै रहनेछ ।

रंगभेदको निरन्तरता र अखण्डताको चाहना सँगसँगै पूरा हुन नसक्ने भएकोले हामी खबरदारी, समझदारी र साझेदारी गरिरहने छौं । हाम्रा प्रत्येक पाइलाहरूले मधेशी समुदायलाई समानता, समन्याय, सद्भाव र समृद्धितर्फ सहकार्य गर्न बल पुऱ्याउनेछ । साझा र समृद्ध नेपालभित्र ससम्मान बाँच्न पाउने हाम्रो अधिकारको सुनिश्चितताप्रति हाम्रो कलम चलि नै रहनेछ । मधेशकेन्द्रित नेताहरूलाई जनपक्षीय भइदिनुहुन आग्रह गर्दै सम्पूर्ण मधेशीलाई सम्मान, सद्भाव र समृद्धिपूर्ण जीवन प्रदान गर्ने यात्रामा सहकार्य गरिदिनु हुन आग्रहसमेत गर्दछौं ।

– प्रकाशक

## राजपाको एकवर्षे यात्रा

# अपेक्षित गति लिन सकेन

मधेशवाणी डेस्क

काठमाडौं । गत वर्ष बैशाख ७ गते ६ वटा मधेशी दललाई एकीकृत गर्दै राष्ट्रिय जनता पार्टी नेपाल गठन भएको एक वर्ष पूरा भएको छ ।

नेपालमा राजनीतिक दलहरू फुट्ने र जुट्ने कुरा अस्वभाविक छैन । २०७४ साल वैशाखको पहिलो हप्ता मधेशवादी ६ वटा दलहरू मिलेर राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको गठनले मधेशमा मात्रै होइन काठमाडौंमा पनि राजनीतिक तरङ्ग पैदा गरेको थियो । तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा), सद्भावना पार्टी, तराई मधेश सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी र मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)बीचको एकताले राजपाको जन्म भएको हो ।

तथापि, राजपाको गठन वा पुनर्गठनको अन्तर्य मधेश आन्दोलनसँग नै जोडिएको छ । उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम, अशोककुमार राई नेतृत्वको सङ्घीय समाजवादी पार्टी र युवराज कार्की नेतृत्वको खस-समावेशी राष्ट्रिय पार्टीबीचको २०७२ जेठ ३२ गतेको एकतापछि संघीय समाजवादी फोरम नेपाललाई राजनीतिमा एउटा नयाँ प्रयोगको संज्ञा दिइयो । फोरम यादवहरूको पार्टी, तमलोपा मधेशी उच्च घराना बाहुनहरूको पार्टी, सद्भावना तेली, साह, महतोहरूको पार्टी भन्ने कुरा मधेशमा चर्चा हुने गर्दथ्यो । केही सत्यता पनि हो कि भन्ने देखिन्थ्यो । तर संघीय समाजवादी फोरमको गठनले उपेन्द्र यादव मधेशका अलवा एकाएक पहाडका आदिवासी जनजाति, दलित र पहिचान पक्षधर खसहरूका पनि नेता भए । मधेशमा फोरम नेपाल प्रतिको आकर्षण पनि ह्वात्तै बढ्यो । यो कुरालाई मनन् गर्दै फरक फरक दलमा रहेका ६ शीर्ष मधेशी नेताहरूले राजपाको गठन गरेर फोरमलाई चुनौती दिन सफल भए ।

नेपालमा राजनीतिक बहिष्करण, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, क्षेत्रीय, लैङ्गिक विभेद र उत्पीडन छ भन्ने तथ्य माओवादी दसवर्षे सशस्त्र विद्रोहले थप स्थापित गरेको छ । त्यसको प्रभाव र



*२०७४ बैशाख ७ गते राजपा गठनको घोषणासभामा शीर्ष नेताहरू । फाइल फोटो*

असर मधेशमा पनि परेको हो । नेपालमा नै मधेशी समुदायलाई भारतीय मूलको ठान्ने र भारतीयले पनि त्यसरी नै नेपालको भनेर हेप्ने अवस्थाबाट सबभन्दा बढी पीडित मधेशी पहिचान नै भयो ।

पहिलो मधेश विद्रोहदेखिको एक दसकमा मधेशवादी दलहरू सत्ता राजनीतिक गठबन्धनमा निर्णायकजस्तै भए । तर पनि मधेशवादी दलहरू विभिन्न कारण देखाउँदै फुट्ने र कमजोर हुने कार्य एक दसकसम्म चलि नै रह्यो । पहिलो संविधानसभा २०६४ मा भन्दा दोस्रो संविधान सभा २०७० मा सबै मधेसवादी दलहरूको समानुपातिक मत बढी हुँदाहुँदै पनि फरक-फरक दलहरू भएकै कारण प्रत्यक्ष निर्वाचनको पराजितले गर्दा उनीहरूको उपस्थिति दोस्रो संविधानसभामा कमजोर रहन पुग्यो । आफू-आफूमा फुट्दा शासकले खेल्ने र अधिकारबाट वञ्चित बनाउने षड्यन्त्रबाट मधेशवादी दलहरू केही चेतेको हुन् कि भन्ने आभास २०७४ साल बैशाख ७ गते ६ वटा मधेशवादी दलहरूको गठन वा पुनर्गठनले छनक भने दिएको छ ।

राजपाको गठनले मधेशी जनतामा एउटा उत्साह थपेको छ । पहिचान र अधिकारको आकांक्षा राखिरहेका गैरमधेशीमा पनि केही आशा पलाएको छ । मधेशीले प्राप्ति गर्दैगर्दा आदिवासी जनजाति, दलित, मुस्लिमलगायतले पनि केही रूपमा प्राप्त गर्ने भएकाले राजपाको गठनलाई पहिचान र अधिकारका लागि संघर्ष गरिरहेका गैरमधेशीले पनि आशा गर्ने ठाउँ राख्नु स्वाभाविक छ । तर पनि राजपाको नेतृत्व गरिरहेका नेताहरू सीमित स्वार्थमा लिप्त रहेका कारण यसले बितेको एक वर्षमा अपेक्षित गति लिन सकेको छैन ।

राजपा नेपाल गठन भएको एक वर्ष भित्र महाधिवेशन गरिसक्नु पर्ने निर्णय गरेको थियो । पार्टी गठन भएको एक वर्ष पुगे पनि महाधिवेशनको अत्तोपत्तो छैन ।

राजपाले आन्तरिक विवादकै कारण संसदीय दलको नेता चयन गर्न सकेको छैन । संसदमा रहेका पाँचमध्ये चार राष्ट्रिय पार्टीले दलको नेता छानिसकेका छन् भने विवादका कारण राजपा नेपालले छान्न नसकेको हो ।

अध्यक्ष मण्डलका तीन जना नेताबीचको टक्करका कारण राजपा नेपालले संसद्को पहिलो अधिवेशन समाप्त भइसक्दा पनि संसदीय दलको नेता चयन गर्न सकेको छैन ।

पार्टीले अध्यक्ष मण्डलको पहिलो स्थापना दिवस ७ वैशाखमा मनाउने निर्णय गरेको छ । ८ वैशाखमा राजनीतिक समितिको बैठक बस्ने र महाधिवेशनको मिति तय गर्ने बताइएको छ । पार्टीको महाधिवेशन सम्पन्न गर्न पार्टीको विधान, नियमावली, निर्देशिकालगायत आवश्यक प्रतिवेदन तयार गरी अध्यक्ष मण्डलको बैठकमा पेस गर्ने जिम्मेवारी नेता लक्ष्मणलाल कर्णलाई दिइएको छ ।

**स्थापना दिवसमा ठाकुर अनुपश्थित हुने**

राजपाले शुक्रबार मनाउन लागेको स्थापना दिवसमा संयोजक महन्थ ठाकुरको उपस्थिति नरहने भएको छ ।

अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर उपचारका क्रममा दिल्लीमा छन् । उनको अवस्था सुधारोन्मुख रहे पनि अहिले दिल्लीमै स्वास्थ्य लाभ गरिरहेका छन् ।

राजपाले पार्टी स्थापना दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित विभिन्न पार्टीका शीर्ष नेताहरूलाई आमन्त्रण गरेको छ । स्थापना दिवसको अवसरमा स्वागत तथा सांस्कृतिक कार्यक्रम समेत राखिएको छ ।

यसैबीच ठाकुरको अस्वस्थताका कारण पार्टीको बैठक समेत प्रभावित भएको छ । ठाकुर नहुँदा बैशाख ८ गते बस्ने राजनीतिक समितिको बैठक स्थगन हुने सम्भावना रहेको छ ।

बैठक प्रभावित भएपछि राजपा संसदीय दलको नेता चयन, प्रदेश २ मा चयन गर्न बाँकी रहेका राज्यमन्त्री र महाधिवेशनको मिति तोक्ने एजेण्डा प्रभावित हुन्छ ।

प्रमुख पाँच पार्टीमध्ये चारवटा दलले संसदीय दलको नेता चयन गरिसके पनि राजपा नेपालले अझै चयन गर्न सकेको छैन । त्यस्तै, प्रदेश २ मा मन्त्री चयन गरेपनि हालसम्म राज्यमन्त्री चयन गर्न सकेको छैन ।

## राष्ट्रपति भण्डारी जनकपुर जाने



जनकपुर । त्रेतायुगमा आदर्शनारी भगवती सीताको जन्म भएको संस्मरणमा जनकपुरमा जानकी जयन्ती अर्थात् जानकी नवमी विशेष रूपमा मनाउन तयारी थालिएको छ ।

जानकी नवमीको १४ दिने महोत्सवमा राष्ट्रपति विद्यादेवी भण्डारी पनि जनकपुर आउने कार्यक्रम रहेको बताइएको छ । जानकी नवमीका अवसरमा यस वर्ष जनकपुरमा विशेष कार्यक्रम गरिने भएको छ । जानकी नवमीका अवसरमा अतिथिलाई स्वागत, दूधमती नदीमा शाही स्नान, शोभा यात्रा, बधाई, झाँकी प्रदर्शनलगायतका कार्यक्रम तय गरिएको छ ।

जनकपुरसहित मिथिलाञ्चल सीताको जन्मभूमि रहेकाले यहाँ 'जानकी नवमी' धुमधामका साथ मनाउने परम्परा छ । जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासका अनुसार रामायण मेलामा राष्ट्रपति भण्डारीलाई सरिक हुन विशेष आमन्त्रण गरिएको छ ।

## सासंदलाई मुद्दा लागे स्वत: निलम्बन हुने

काठमाडौं । फौजदारी अभियोगमा कुनै पनि सासंदलाई मुद्दा लागेमा वा पुर्पक्षका लागि थुनामा राखिएमा उक्त सासंदको पद स्वत: निलम्बन हुने व्यवस्था प्रतिनिधिसभा नियमावलीमा राख्न लागिएको छ । एमालेका सासंद कृष्णभक्त पोखरेलको संयोजकत्वमा गठित प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले फौजदारी अभियोगमा कुनै पनि सासंदलाई मुद्दा लागेमा या पुर्पक्षका लागि थुनामा राखिएमा उक्त सासंदको पद स्वत: निलम्बन हुने व्यवस्था नियमावलीमा राख्न लागिएको हो । काठमाडौंमा मंगलबार भएको साक्षात्कार कार्यक्रममा बोल्दै संयोजक पोखरेलले विगतमा मुद्दा लागिसकेर जेलमै रहे पनि ससंद पद रहिरहने व्यवस्था भए पनि अबका दिनमा मुद्दा सम्बन्धमा अन्तिम फैसला नभएसम्म उक्त सांसदको पद निलम्बन हुने व्यवस्था गर्न लागिएको बताए ।

फैसलाले सासंद निर्दोष ठहरिए निलम्बन फुकुवा हुने र दोषी ठहरिए पदमुक्त हुने व्यवस्था गर्न लागिएको पनि पोखरेलले बताए । कुनै सासंद पदमुक्त भएको खण्डमा उक्त निर्वाचन क्षेत्रमा पुन: निर्वाचन गराएर संसद पद पूर्ति गर्ने व्यवस्था नियमावलीले गर्ने उनको भनाई छ । संयोजक पोखरेलले अब बन्ने नियमावलीले महिनाको दुई पटक प्रधानमन्त्रीलाई संसदमा उपस्थित गराएर सासंदहरूले सोधेका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्था गर्न लागिएको जानकारी दिँदै जवाफदेहिता बढाउनका लागि प्रधानमन्त्रीले सासंदको प्रश्नको जवाफ दिनुपर्ने उल्लेख गरे ।





## बेलाको बोली

रामसुकुल मण्डल



# विद्यालय भर्ना अभियानको सार्थकता कति ?

विद्यार्थीहरू विद्यालयभित्र प्रवेश गराउनु मात्र ठूलो कुरा होइन उनीहरूलाई निरन्तर शिक्षा प्राप्तिको बाटोमा अगाडि बढाउन सक्नुपर्छ । विद्यालयप्रतिको आकर्षण र झुकाव बढाउनका लागि विभिन्न कार्यक्रमहरू बनाउनु आवश्यक छ ।

२१औं शताब्दीको आधुनिक युगमा शिक्षाको महत्वबारे कोही पनि अनभिज्ञ नहुनु पर्ने हो । अन्धकारमा रहेकालाई उज्यालोमा ल्याउने एउटा माध्यम, मानिसका आफ्ना आन्तरिक गुणलाई बाहिर प्रकट गरी आफ्नो बानी बनाउने प्रकिया, देशमा सकारात्मक परिवर्तन ल्याई नकारात्मक परम्परा हटाउन गरिने प्रक्रिया र मानिसमा भएको क्षमताको विकास गरी सक्षम व्यक्ति बनाउने प्रक्रियालाई नै शिक्षा भनिन्छ भन्ने आम परिभाषा हो । शिक्षा औपचारिक वा अनौपचारिक रूपबाट प्राप्त गर्न सकिन्छ । औपचरिक शिक्षा विद्यालय वा महाविद्यालयबाट लिइन्छ भने अनौपचारिक शिक्षा जीवनयापनका क्रममा व्यवहार र अनुभवबाट हासिल गरिन्छ ।

**भर्ना अभियान के हो ?**

नयाँ शैक्षिक सत्रका लागि बाल कक्षादेखि १० सम्म भर्ना अभियान सुरू भएको छ । अभियानमा सबै शिक्षा कार्यालय, विद्यालय तहका शिक्षक र विद्यालय व्यवस्थापन समिति जुटेका छन् । उमेरका हिसाबले ५ वर्षभन्दा माथिका बालबालिकालाई विद्यालयमा भर्ना गरिनेछ । संविधान, ऐनकानुनले 'आधारभूत तह (कक्षा ८ सम्म) अनिवार्य शिक्षा' हुने किटान गरेकाले पहिले भन्दा प्रभावकारी ढंगले अभियान सुरू भएको बताइएको छ ।

शिक्षा विभागले अभियानको यस वर्षको नारा 'हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा' तय गरेको छ । विद्यार्थी भर्ना, विद्यार्थी स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धीमा सुधारको लक्ष्य राखिएको छ । बैशाख २ गतेबाट नयाँ सत्र सुरू भएको छ । शैक्षिक तथ्यांक २०७३ अनुसार प्राथमिक तहमा ५ देखि ९ वर्ष उमेर समूहका विद्यार्थीको खुद भर्ना दर राष्ट्रिय औसत ९६ दशमलब ९ प्रतिशत छ । सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन अभियान चलाइएको हो ।

विद्यालयले विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक दिएर स्वागत गरिरहेको छ । सरकारले कक्षा १० सम्म सबै विद्यार्थीलाई पाठ्यपुस्तक नि:शुल्क उपलब्ध गराउँदै आएको छ । त्यसैगरी लक्षित समूहले छात्रवृत्तिसमेत पाउँदछन् । छात्रा, दलित, अपाङ्गता भएका, लक्षित वर्ग लोपोन्मुख तथा अल्पसंख्यक जनजातिलाई छात्रवृत्ति व्यवस्था छ । विद्यालय तह कक्षा १० सम्मका निम्ति चालू आर्थिक वर्षका निम्ति १६ अर्ब रूपैयाँ बजेट रहेको शिक्षा मन्त्रालयले जनाएको छ ।

**भर्ना अभियानको प्रभावकारिता**

भर्ना अभियानको नारा लिएर वर्तमान सरकारले सञ्चालन गरेको यो अभियानको प्रभावकारिता कति हुने भन्ने विषय महत्वपूर्ण हो । भर्ना अभियानको आवश्यकता किन पऱ्यो, किन सरकारको तर्फबाट यस्तो अभियानको थालनी गर्नु पऱ्यो, सामुदायिक विद्यालयको पढाई, विद्यालयको वातावरण, विपन्न वर्गले कसरी आफ्ना बालबालिकालाई विद्यालय भर्ना गराउन प्रेरित हुने, विद्यालयको भौतिक पूर्वाधार कस्तो छ, ठूलाबडाका छोराछोरीहरू निजी विद्यालयमा किन जान्छन्, सामूदायिक र निजी विद्यालयमा हुने पढाइमा किन अन्तर छ लगायतका विषयमा सरकारले पहिला ध्यान दिनुपर्ने हुन्छ ।

नेपालबाट निरक्षरता उन्मूलन गर्ने लक्ष्यका साथ सञ्चालन गरिएको यस अभियानले केवल अभियानका रूपमा मात्र कार्यक्रम सञ्चालन गरेर कार्यान्वयनमा फितलोपना ल्याउने नेपाल सरकारको विगतको *बाँकी पृष्ठ २ मा*



# सम्पादकीय



## नश्लवादको बेजोड नमूना

बैशाख २२ गते हुने नेपाल पत्रकार महासंघको प्रदेश समितिको अधिवेशनको केहीअघि दलीय पत्रकारिता गर्ने तीन संस्थाहरूले एक आपसमा सिट बाँडफाँड गरी नश्लीय पत्रकारिताको अनुपम नमूना पेश गरेका छन् । प्रदेश समितिको अधिवेशनमा पार्टी पत्रकारिता गर्दै आएका प्रेस चौतारी नेपाल, नेपाल प्रेस युनियन र प्रेस सेन्टर नेपालले तालमेलको नाममा सिट बाँडफाँड गरी नश्लीयतालाई प्रश्रय दिएको छ ।

तीन संस्थाका पदाधिकारीको बैठकले भौगोलिक सात र गैरभौगोलिक तीन गरी १० प्रदेशका नेतृत्व र कार्यसमितिमा सहमतिका साथ उम्मेदवारी दिने गरेको निर्णय पत्रकार महासंघमा सिन्डिकेट लाद्ने नियतले गरिएको हो ।

प्रदेश समितिको अधिवेशनमा प्रेस चौतारीले पाँच, प्रेस युनियन दुई र प्रेस सेन्टरले तीन प्रदेशको नेतृत्व लिने सहमति गरेका छन् । सबै प्रदेश सिमितिका पदाधिकारी र सदस्यमा तीनै संस्थाले भागबण्डा गरी उम्मेदवारी दिने निर्णय गरेका छन् ।

यसले के देखाउँछ भने नेपाली सञ्चार जगतका नेतृत्व पंक्तिहरू अधिकांश पार्टी पत्रकारिता वा नेताभक्तिका इतिहास बोकेका छन् । सिन्डीकेट प्रथा, भागबन्डा र भ्रष्टाचारको विरोध गर्दै कलम चलाउनेहरू स्वयं दलीय भागबण्डामा विश्वास राख्छन् । पत्रकार महासंघको चुनाव होस् वा सञ्चारमाध्यमभित्रको कुनै राजनीतिक नियुक्ति, अवसरको कुरा होस् वा जिम्मेवारीको आज पनि पार्टीको कोटामा उभ्न छाडेका छैनन् । अग्रज पत्रकारहरूको दलीय समर्पण र वेइमान चाहनाले सिङ्गो सञ्चार जगत कलुसित बन्दैछ ।

पत्रकारहरू यसैगरी आस्थाको राजनीति गरिरहने र भागबन्डामा पद लिइ रहने हो भने सायद श्रमजिवी पत्रकार ऐनअनुसार तलब पाउ भनेर निवेदन लेख्ने परिस्थिति नै आउँदैन्थ्यो । विश्वमा दूतगतिमा विकास भइरहेको सूचना प्रविधिको विकाससँगै आमसञ्चार तथा पत्रकारिता क्षेत्रमा पनि निकै प्रगति भएको छ तर त्यसअनुरूपको व्यवहार र मानसिकतामा बदलाव आएको छैन । समयानुकूल पत्रकारिताको मूल्य र मान्यता फेरिन सकिएको छैन ।

पत्रकारलाई विश्वले राज्यको चौथो अङ्गको रूपमा स्वीकारेको छ । तर नेपालका पत्रकारहरूको असम्वेदनशीलतासँगै निःस्वार्थ भावमा इमान्दारीतापूर्वक पत्रकारिता

**प्रेस युनियन, प्रेस चौतारी, क्रान्तिकारी वा अरू यस्ता संगठनहरू र तिनको रिमोट लिएर बसेका दलगत नेताहरूको नियन्त्रणमा स्वतन्त्र पत्रकारिता र पेशागत हित कसरी प्रत्याभूति हुन्छ ?**

नगर्ने परिपाटीले राज्यको चौथो अंगको उपाधी उखानमा सीमित हुने सम्भावना बढेर गएको छ । यो कुरालाई लामो समयदेखि पत्रकारितामा समर्पित तथा नवप्रवेशीहरूले गम्भीरतापूर्वक लिनु पर्दछ ।

पत्रकारितालाई ठेकेदारी प्रथा बनाएर पत्रकार महासंघमा हावी हुने प्रवृतिले पत्रकारिताको सौन्दर्य नै हराएको छ । भागबन्डामा गएर पत्रकारको नेता हुँ भन्ने धाक लगाएर आफनो स्वार्थपूर्तिका लागि मात्रै पत्रकार महासंघ हो भन्ने पक्कै होइन । पत्रकार महासंघले केही उल्लेखनीय काम गर्न नसकेर त्यसै बदनाम भइसकेको छ तर त्यसमाथि पनि सिन्डिकेटको नाममा पदीय भागबन्डा गर्नु भनेको यसलाई थप निस्क्रिय र पंगु बनाउनु नै हो । यस विषयमा पत्रकार महासंघको वर्तमान नेतृत्वको मौनता र अग्रज पत्रकारहरूको चुप्पी झन् रहस्यमय बनेको छ ।

पत्रकारहरूको साझा चौतारीलाई दलीय सिन्डिकेटको रूपमा रूपान्तर गर्ने हो भने एउटा पार्टीको भातृ संगठन र स्वतन्त्र हैसियतमा रहँदै आएको पत्रकार महासंघमा के नै अन्तर रह्यो र । पत्रकार महासंघको नेतृत्वका निम्ति प्रतिस्पर्धा र लोकतान्त्रिक विधिबाट यसको निर्क्योल स्थापित अभ्यास र मान्यताहरू हुन् । यसलाई सामान्य र स्वाभाविक प्रक्रिया मानिएकाले प्रतिस्पर्धाको गठबन्धन र अङ्कगणितीय हिसाबकिताब नयाँ विषय पनि होइन । तर निर्वाचन गर्नु पूर्व नै आपसमा पद मिलान गर्नु भनेको पक्कै अलोकतान्त्रिक काम हो ।

श्रमजीवी पत्रकारकारहरूको हित र स्वतन्त्र पत्रकारितालाई मूल नारा बनाएको पत्रकार महासंघ यसरी राजनीतिक आस्थाका आधारमा पत्रकारहरू ध्रुवीकरणमा जानुलाई भने कदापि स्वाभाविक मान्न सकिन्न । पत्रकारिताको आवरणमा राजनीतिक दल विशेषका हतियारको रूपमा अघि सर्नु नै पत्रकारहरूको पेशागत हित संरक्षण र अग्रगतिको मुख्य बाधक हो । यो आचरणमा आमूल सुधार र शुद्धीकरण अहिलेको मुख्य आवश्यकता पनि हो । राजनीतिक आस्थाका आधारमा खण्डित नेतृत्वले आम पत्रकारको हितका सवालमा माखो मार्न सक्दैन । यो तीतो लागे पनि सत्य हो । असहज भएपनि सत्यलाई हामीले स्वीकार गर्नै पर्छ ।

सार, अन्तरवस्तु जे भएपनि राजनीतिक खोल नओढी पत्रकारको नेता हुन असम्भवजस्तै देखिएको छ भन्ने नै हो । यस कारण प्रेस युनियन, प्रेस चौतारी, क्रान्तिकारी वा अरू यस्ता संगठनहरू र तिनको रिमोट लिएर बसेका दलगत नेताहरूको नियन्त्रणमा स्वतन्त्र पत्रकारिता र पेशागत हित कसरी प्रत्याभूति हुन्छ ? के यी संगठनमा चासो नराख्नेहरू पत्रकार होइनन् ? पत्रकार हुन पार्टीको कार्यकर्ता नै हुन आवश्यक छ ? पत्रकारहरू दलीय आग्रह र पूर्वाग्रहका आधारमा खण्डित भइरहँदा चासो र चिन्ताको विषय यही हो ।

## सातको सात बात



नेपालमा समानतायुक्त संविधान बनेको छ, अब यहाँ कोही पनि अधिकार र अवसरबाट बञ्चित हुनुपर्दैन । प्रदेश २ हरेक हिसाबले पछाडि परेको छ अब यहाँको लागि विशेष योजना बनाउनुपर्छ र मिलेर देश निर्माणमा **केपी ओली, प्रधानमन्त्री**



वर्तमान सरकार एकलौटी ढंगले अगाडि बढिरहेको छ । सहकार्य गरेर गएको दलहरूसँग पनि छलफल नगरी अगाडि बढेमा सरकारलाई नै अप्ठेरो पर्न सक्छ । **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



बैशाख ९ गते नै पार्टी एकताका लागि प्रयास त भयो, तर भ्याइएन । 'गृहमन्त्रीको नेतृत्वमा बनेको कार्यदलले बुझाएको प्रतिवेदनमाथि हिजोबाट मात्रै गम्भीर छलफल सुरू भएको छ । **पुष्पकमल दाहाल, अध्यक्ष, मोआवादी केन्द्र**



देशलाई आर्थिक रूपमा समृद्ध बनाउने सबैभन्दा ठूलो जिम्मेवारी सरकारमा रहेको दलको हुने भए पनि प्रतिपक्षको पनि भूमिका हुन्छ । राजनीतिक दलहरू मिलेर संघर्ष गर्दा ठूला ठूला राजनीतिक परिवर्तन भयो । **प्रकाशमान श्रेष्ठ, नेता, नेपाली कांग्रेस**



चीनियाँ सहयोगमा तातोपानीको सुख्खा बन्दरगाह तिव्र गतिमा निर्माण भइरहेको स्थिती छ यी सबै प्रगति विवरणले तातोपानी नाका खोल्नका लागि चीनियाँ पक्षले पनि पहलकदमी लिईरहेको छ भन्ने बुझिन्छ । **अग्नी सापकोटा, सांसद, माओवादी केन्द्र**



कुनैपनि व्यक्ति मन्त्री बन्दैमा जनताको जीवन बदल्न सक्दैन । जीवन बदल्न नयाँ ढंगले काम गर्नुपर्छ । खान नपाएर भोकै बसिरहेका गरीब, दलित, मधेशी तथा पिछडिएका परिवारको विकासका निम्ति अब आधार तयार गर्नुपर्छ । **गोकर्ण विष्ट, श्रम तथा रोजगार मन्त्री**



विगतमा राज्यसत्ताले गरेको विभेदको अन्त्यका लागि कर्णालीले आन्दोलनको नेतृत्व गरेको थियो अब विकास र समृद्धिको नेतत्व लिने समय आएको छ । **महेन्द्रबहादुर शाही, मुख्यमन्त्री, कर्णाली प्रदेश**

# परराष्ट्र सम्बन्धको अग्निपरीक्षामा सरकार

### विचार-विश्लेषण



उपेन्द्र झा

**एमाले सरकारका चुनौती धेरै छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय शक्तिहरूसँग मित्रवत व्यवहार कायम राख्न र आफ्नो सरकारको पूर्णकालिक अस्तित्व बचाउन सरकार सक्षम भयो भने केपी शर्मा ओलीको कार्यकाल सफल नै ठहरिनेछ ।**

नेपालका प्रधानमन्त्री भारत सरकारद्वारा पीएचडीको उपाधिले सम्मानित भएको छ । "बुझ्नेको लागि देव, नबुझ्नेको लागि पत्थर" भने झैं यस सम्मानको नेपालका प्रधानमन्त्री केपी शर्मा ओली कति कदर गर्ने भन्नेबारे चारैतिर कौतुहल हुनु स्वाभाविक हो । नेपाल भारतको तनावपूर्ण सम्बन्धलाई सुधार्न प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण कति प्रभावकारी भएको भन्ने जिज्ञासा व्याप्त छ । नेपालका प्रधानमन्त्रीलाई भारतले डाक्टरको उपाधिले सम्मान गर्दा नेपालका कटु आलोचकहरूले "छुछुन्द्रोको सिरमा चमेलीको तेल" भनेर आलोचना पनि गरेका छन् ।

नेपालको भूमिमा चिनियाँ प्रभाव गहिरो जरा गाडिसकेको छ । नेपालमा चीनको हस्तक्षेपकारी भूमिकाबाट भारत पनि पूर्ण जानकार छ । परावलम्बी संस्कार भएका, परिणामको चिन्ता नगरि जो कोहीसँग आर्थिक सहयोग लिन तयार नेपालका शासकहरू चीनसँग छुटाउन नसकिने गरि टाँसिएको छ । समृद्ध चीनको बढ्दै गएको व्यापारिक आकार संसारमा जहाँ ठाउँ पाएको छ भने छिमेकमा त्यो प्रभाव किन हुँदैन । असिमित आर्थिक सहयोगको माध्यमबाट नेपाल जस्तो अविकसित देश चीनको प्रभावमा जानु कुनै अनौठो कुरा होइन । चीनको बलियो सहयोगबाट अहिले बामपंथी गठबन्धन बहुमतको सरकार बनाएको छ । प्रतिपक्षमा बसेको नेपाली काँग्रेस कमजोर अवस्थामा छ । नेपालको बहुमुखी विकास गर्न चीन प्रतिबद्ध छ । नेपाललाई आफ्नो प्रभावमा राख्न गरिएको प्रयास तथा भविष्यमा विकासको लागि दिने आर्थिक सहयोगको तुलनामा भारत कमजोर परेकोले केपी शर्मा ओलीको झुकाव भारततिर हुन सक्दैन । सानातिना कुराबाट भारतलाई सन्तुष्ट पार्ने बेग्लै कुरा हो ।

नेपाल विकास चाहेको छ । अवसरको अभावमा उठ्ने द्वन्द्वहरूको स्थाई निदानका लागि पनि नेपालको विकास आवश्यक छ । नेपाललाई जसरी पनि आफ्नो प्रभावमा राख्ने चीनको रणनीति अहिले विकास केन्द्रीत रहेकोले र बहुमतको सरकार पनि भएकोले विकासको यस्तो अवसरलाई नेपाली जनताले पनि छाड्न चाहँदैन । अरूण तेश्रो भारतलाई दिएर प्रधानमन्त्रीले भारतलाई विश्वासमा लिन गरेको प्रयास त देखिन्छ तर नेपालको विकासभन्दा पनि चीनको प्रभावमा रहेको नेपाललाई कसरी निकाल्न सकिन्छ भन्ने भारतको चासो रहेको छ । स्थिर सरकार, स्रोत साधन आदिले गर्दा विकासको अनुकूल वातावरणलाई नेपाली जनताले समर्थनका साथ हेरि रहेका छन् तर नेपालमा बामशक्तिको तीव्रतर विकास र लोकतान्त्रिक शक्तिको क्षय डेमोक्र्याटिक पावर सेन्टरका लागि चिन्ताको बिषय बनेको छ । यूरोपियन यूनियनको हस्तक्षेप यसै श्रृंखलाको कडी हो ।

पराश्रित संस्कारमा रहेका शासकवर्ग कुनै बेला लोकतान्त्रिक शक्तिकेन्द्रमाथि आश्रित थिए । आज एकाएक खेमा परिवर्तन गरेकोले शक्तिकेन्द्रलाई रीस उठ्नु स्वाभाविक हो । यूरोपियन यूनियनले सरकारलाई दिएको चुनौतीलाई सामना गर्न पनि धेरै अपठ्याराहरू छन् । अवरोधहरू जन्माउने कि सरकारलाई सहजतातिर बढाउने ठूलो चुनौती अगाडि देखिएको छ ।

युरोपियन युनियनले सरकारलाई दिएको चुनौती, एमाले-माओवादीबीच बढिरहेको असमझदारी, हिनदूवादी तथा जनजातिबीच बढिरहेको तनाव, नेपाल सन्दर्भमा चीन र भारतको असन्तुलन आदिले केपी शर्मा ओलीको सरकारको गणतव्य यात्रामा बिघ्न बाधा पुऱ्याउन यथेष्ट कारण बनेका छन् । नेत्र विक्रम चन्दले थालेको संघर्ष त छँदैछ । एमाले-माओवादी केन्द्र एकतालाई बैशाख ९ गते लेनिनको जन्मजयन्तीको अवसरमा सम्पन्न गर्ने प्रयास टुटेको छ । भिन्न-भिन्न नियतले उत्पन्न गरेको अवरोधबाट एकता प्रयास विफल हुँदै जानु एमाले सरकारको अशुभ संकेत बुझिएको छ ।

मधेशका राजनीतिक दलहरूको समर्थन पाएर सरकारमा सामेल गरी दुई तिहाईको सशक्तता प्राप्त गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको प्रयास विफल भएको देखिन्छ । संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालसँग सरकारमा सामेल हुने वार्ता पनि स्थगित रहेकाले यिनी यति सहज रूपमा सरकारमा सामेल हुने कुनै संकेत देखिरहेको छैन । एमाले सरकारले आश गरेको निर्वाध गतिशीलतामा व्यापक अड्चन खडा भइरहेको संकेत देखा पर्न थालेको छ ।

नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरू एमालेसँग एकता नगर्ने दबाब पनि व्यापक रूपमा रहेकोले प्रचण्डको एकता वार्तामा ढिलाई भएको छ । नेत्र विक्रम चन्द र मोहन वैद्य किरण नजिक रहेका कारण संघर्षका कारण शक्ति संचय हुन सक्ने तथा माओवादी केन्द्र र एमालेको एकता भएमा असन्तुष्ट कार्यकर्ताहरू विप्लवसँग जान सक्ने सम्भावनालाई देखेर पनि प्रचण्डको एकता वार्ता रोकिएको हुन सक्छ ।

एमाले सरकारको विरूद्ध परिस्थितिले संगठित गरिरहेको शक्तिहरू सशक्त भई चुनौतीको रूपमा सतहमा देखिएको पनि छ । असन्तुष्टताको धरातलमा बनेको सरकारका वरिपरि रहेका शक्तिहरू सहयोगी नहुन पनि सक्दछ । अहिले सहयात्री शक्तिहरू पनि सहयोग नगर्ने पक्षमा देखिन्छ । लोभ, लालच, स्वार्थ र शक्ति प्रदर्शनमा चलेको राजनीति सहज रूपमा एउटै दिशामा हिंड्दैन । उसको विश्वसनीयता पनि रहँदैन । स्वार्थ पूरा हुँदा सम्बन्ध बन्ने, स्वार्थ पूरा नहुँदा सम्बन्ध टुट्ने क्रम चलिरहन्छ । एमालेले विश्वासमा लिन खोजेको माओवादी केन्द्रलाई आफ्नो चरम महत्वाकांक्षाका कारण विश्वास दिलाउन सकेन । न उसले फोरम नेपाल र राजपालाई नै सन्तुष्ट पार्न सक्यो । सहयोगी शक्तिहरू विश्वासको घेरामा आउन नसकेको कारण केपी शर्मा ओलीको सरकार कमजोर भएको छ ।

परराष्ट्र सम्बन्ध पनि असन्तुलन परिस्थिति भोगिरहेको छ । विगतको समयमा भारतको निकट मानिएका केपी शर्मा ओली भारतको विपक्षमा खुलेर लागेको थियो । नाकाबन्दी आरोप लगाएर भारतसँग सम्बन्ध बिगारेर आज प्रधानमन्त्रीको रूपमा भारत भ्रमण गर्दा उच्च सम्मानका साथ भारतले सम्बन्धको प्रगाढता बढाएको, सम्बन्धमा न्यानोपन ल्याई दिएको अवस्था रहे पनि चीनसँगको आशक्तिले सम्बन्ध सुधारको प्रक्रियालाई सहज बनाउन कठिन नै देखिन्छ । नेपालमा विकासका परियोजनामा भारतको वर्चस्व देख्न नसक्ने चीन आफ्नो प्रभावमा नेपाललाई राख्न हरेक गतिविधिलाई अगाडि बढाएको छ ।

अहिले चीनको ६ दिने भ्रमणमा रहेका नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले ओ.बी.आर. इनिसिएटिभ प्रति चीन अग्रसर रहेको र केरूङ-काठमाडौं रेलमार्गको कार्यलाई गति दिने जानकारी गराएका छन् । भारतले पनि जोगबनी-विराटनगर, नौतनवा-भैरहवा, जयनगर-बर्दिवास, रूपैडिया-नेपालगन्ज रेलमार्ग विस्तार गर्ने योजना ल्याएको छ । प्रतिस्पर्धात्मक रूपमा रहेको दुवै महाशक्ति देशको बीचमा नेपालले समानुपातिक सम्बन्ध राख्न सक्ला ? आगामी दिनले मात्र तय गर्नेछ कि नेपाल पराष्ट्र सम्बन्ध कति हदसम्म सन्तुलित राख्न सक्ला ।

जे होस्, एमाले सरकारका चुनौती धेरै छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय शक्तिहरूसँग मित्रवत व्यवहार कायम राख्न र आफ्नो सरकारको पूर्णकालिक अस्तित्व बचाउन सरकार सक्षम भयो भने केपी शर्मा ओलीको कार्यकाल सफल नै ठहरिनेछ ।

janukjha24@gmail.com

## विद्यालय भर्ना...

प्रवृत्तिलाई नियाल्ने हो भने कार्यान्वयन पक्षको जटिलताका कारण यसले सार्थकता पाउनेमा पूर्णतः विश्वस्त हुनसक्ने वातावरण निर्माण हुनसकेको छैन । तथापि यसको प्रभाव शून्य भएको भने होइन । निराशाजनक अवस्थाबाट गुज्रिरहेको नेपालको साक्षरता दरलाई केही मलजल गर्न यस अभियानको भूमिका भने निकै सकारात्मक रहेको मान्नुपर्दछ । जुन रूपमा भर्ना अभियानको नारालाई चर्को पारिएको छ सो अनुसार कार्यान्वयन पक्षमा भर पर्छ । यदि समस्याको मूल चुरोमा पुगेर यसको निराकरणमा ध्यान दिइयो भने पक्कै पनि केही परिवर्तनको आभाष गर्न सकिन्छ ।

**बालबालिका मैत्री भएन विद्यालय**

विद्यालयको पहुँचबाट टाढा रहेका बालबालिकाहरूका लागि सरकारले एकातिर भर्ना अभियान सञ्चालनमा ल्याएको छ भने अर्कोतिर विद्यालय भर्ना गरेर पनि छाड्ने विद्यार्थीको वाध्यतालाई बुझ्न सकिएको छैन । विद्यार्थीहरू विद्यालयभित्र प्रवेश गराउनु मात्र ठूलो कुरा होइन उनीहरूलाई निरन्तर शिक्षा प्राप्तिको बाटोमा अगाडि बढाउन सक्नुपर्छ । विद्यालयप्रतिको आकर्षण र झुकाव बढाउनका लागि विभिन्न कार्यक्रमहरू बनाउनु आवश्यक छ । विद्यार्थी विद्यालय हाताभित्र किन प्रवेश गर्दैन ? भन्ने प्रश्नको जवाफसँगै विद्यालय छोड्ने कारणको पनि खोजी गरिनु आवश्यक छ । विद्यार्थीले खोजे अनुसारको वातावरण निर्माण, मनोवैज्ञानिक शिक्षणविधि र पढाइलाई रूचिका रूपमा विद्यार्थीले कसरी लिनसक्छ भनेर पनि चासो दिनु आवश्यक छ । विद्यालय प्रवेश गरेको विद्यार्थीहरू किन विद्यालयमा अडिन सक्दैनन् ? विद्यालयमा छुट्टी घन्टी बज्ने बित्तिकै विद्यार्थी खुशी हुने, विद्यालय जाने नाम सुन्ने बित्तिकै बालबालिका विभिन्न बहाना बनाएर जान नखोज्ने लगायतका विषयमा पनि सरकारले ध्यान दिनुपर्ने हुन्छ । अहिले पनि विद्यालयमा विद्यार्थीको मनोविज्ञानलाई बुझ्न नसक्दा कैयौं विद्यार्थीहरूले विद्यालय जानु भनेको यातना गृहमा जानुको रूपमा लिने गर्दछन् । यस्तो अवस्थालाई सुधार्न सकिएन भने विद्यालय प्रवेश गराएर मात्र समस्याको समाधान हुन सक्दैन ।

**मुख्य कारण गरिबी**

पटक-पटक सरकारी स्तरमा नेपालमा सञ्चालन हुने गरेको विद्यालय भर्ना अभियान परिणाममुखी नहुनुको मुख्य कारण गरिबी हो । हुनेखाने र सम्पन्न परिवारका एउटा पनि बालबालिका विद्यालय जानबाट वञ्चित छैनन । खासमा यो अभियान विपन्न वर्ग, गरिब तथा असहायका लागि हुनुपर्ने हो । गरिब, विपन्न र असहाय परिवारका अभिभावकले आफ्ना बालबालिका एकछाक खाना खुवाउन दिनरात मिहेनत गर्नुपर्छ भने उनीहरूलाई विद्यालय पठाउने, कपी कलम किनिदिने पैसा कहाँ ल्याउने भन्ने सोच्नुपर्ने हुन्छ । नेपालमा अहिले पनि गरीबको संख्या उल्लेख्य रूपमा रहेको छ । अधिकांश परिवार साँझ र बिहानको छाक टार्ने पिरलोले रूमल्लिएका हुन्छन् । आर्थिक अभावले गर्दा सन्तानलाई सानैदेखि काममा लगाउन उनीहरू बाध्य भएको पाइन्छ । जसले गर्दा भर्ना अभियानका नारालाई सुने पनि नसुनेझै गर्ने उनीहरूको बाध्यताजस्तो बनेको हुन्छ । सरकारले निःशुल्क शिक्षाको व्यवस्था गरे पनि किताब र भर्ना शुल्कबाहेक सबै कुराको व्यवस्थापन स्वयं परिवारले नै गर्नुपर्ने भएकाले अभावकै कारण उनीहरू सन्तानलाई विद्यालयसम्म पुऱ्याउन सक्षम बन्न सकेका हुँदैनन् । भोको पेटले सबैभन्दा पहिलो खाना हेर्ने भएकाले उनीहरू शिक्षालाई आफ्नो जीवनको महत्वपूर्ण कुराका रूपमा लिने चासो राख्दैनन् । अहिलेको परिप्रेक्ष्यमा हेर्दा यो पनि भर्ना अभियानको वाधकका रूपमा रहेको छ । गरीबीको जटिलताले विद्यालय नजाने विद्यार्थीको संख्या निकै उल्लेखनीय छ ।

**निष्कर्ष**

'प्रधानमन्त्री, मुख्यमन्त्री वा मन्त्रीले एक दुई जना बालबालिकालाई विद्यालय भर्ना गराइदिँदैमा यो अभियानले ठूलो उपलब्धी हासिल गर्दैन । सबैले आआफ्नो भोट बैंक सुरक्षित राख्नका लागि एक दुई दिन गएर भर्ना गराइदिने र पछि यसबारे कसैले सोधखोजसमेत गर्न आउँदैन' माथि उल्लेखित कुरा एक जना सामाजिक व्यापार गरी बस्ने दलित समुदायका व्यक्तिले भनेका छन् । यो पंक्तिकारले सरकारले अहिले सञ्चालन गरिरहेको विद्यालय भर्ना अभियानबारे सोध्दा उनले भने, 'यस्ता धेरै अभियानहरू हेरिसक्यौं र यसको प्रभावकारिता कति रहन्छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ ।' उसको भनाईको तात्पर्य के थियो भने यस्ता अभियान हुनेखानेवालाहरूका लागि हो । गरीबका छोराछोरीका लागि साँच्चिकै यो अभियान ल्याइएको हो भने विद्यालय शुल्कमात्र होइन, कपी, कलम, खाजा लगायतका आधारभूत आवश्यकताहरूसमेत व्यवस्था गर्नुपर्छ । गरिबीका कारण पनि यो अभियानको बाधकको रूपमा रहेको हुनाले यसबारे सरकारले दीर्घकालीन योजना ल्याउनुपर्छ । त्यसपछि मात्र यो अभियानले सार्थक परिणाम ल्याउँछ ।

# राजपाभित्र कुनै विवाद छैन



हामीले पार्टीलाई संगठनात्मक ढंगबाट अगाडि बढाउनु पर्ने हुन्छ । संगठनलाई मजबुत बनाउनु पर्ने हुन्छ । संगठन मजबुत भएन भने हामी अगाडी बढ्न सक्दैनौं । हरेक क्षेत्रलाई संगठनात्मक तवरबाट जान सकियो भने निकट भविष्यमा नै हामीले उपलब्धी हासिल गर्न सक्ने छौं ।

**एकवाल मियाँ**
सांसद, राष्ट्रिय जनता पार्टी नेपाल

**० राष्ट्रिय जनता पार्टी गठन भएको एक वर्ष पूरा भएको छ । यो एक वर्षको अवधिलाई तपाईंले कसरी मूल्यांकन गर्नुहुन्छ ?**
– राष्ट्रिय जनता पार्टीले एक वर्षको अवधिमा धेरै काम गरेको छ । ६ वटा पार्टी मिलेर बनेको यो पार्टी राज्यको चौथो पार्टीको रूपमा स्थापित भएको छ । यदि पार्टी एकीकरण नभएको भए आज राष्ट्रको चौथो पार्टी हुने थिएन । यो पनि एउटा धेरै नै राम्रो उपलब्धी हो । मधेशमा आधाभन्दा बढी मत ल्याउन सफल भएको छ । एकता भएर नै यो उपलब्धी प्राप्त भएको हो ।

**० तर पार्टी अस्तव्यस्त छ । विवादहरू चुलिएको छ ?**
– पार्टीलाई बाहिर हेर्दा त्यस्तो देखिएको हो तर भित्र केही छैन । ६ वटा पार्टी मिलेर बनेको पार्टीमा सामान्य किसिमका विवाद आउनु स्वभाविक नै हो ।

**० ६ वटा पार्टी एउटा पार्टी बने पनि शीर्ष नेताहरूको मन अझै मिलेको छैन ?**
– पार्टीको विपक्षमा बाहिर विभिन्न प्रकारका हल्ला चलेको छ तर वास्तविकता त्यस्तो छैन । अहिलेसम्मका भएका सबै बैठकहरूमा सकारात्मक निर्णय भइरहेका छन् ।

**० राजपाको संसदीय दलको नेता चुन्ने विषयमा पनि विवाद आएको छ नि ?**
– पछिल्लो समय बसेको बैठकमा त्यस्तो विवाद केही आएको छैन । पहिले विधान तयार पारौं अनि संसदीय दलको नेता चयन गरौं भन्ने कुरा भएको हो । सबै कुरा सहमतिबाट नै हुन्छ । त्यस्तो विवाद हुने ठाउँ मैले देखेको छैन ।

**० पार्टीलाई आगामी दिनमा कसरी अगाडी बढाउने योजना छ ?**
– हामीले पार्टीलाई संगठनात्मक ढंगबाट अगाडि बढाउनु पर्ने हुन्छ । संगठनलाई मजबुत बनाउनु पर्ने हुन्छ । संगठन मजबुत भएन भने हामी अगाडी बढ्न सक्दैनौं । हरेक क्षेत्रलाई संगठनात्मक तवरबाट जान सकियो भने निकट भविष्यमा नै हामीले उपलब्धी हासिल गर्न सक्ने छौं ।

**० आगामी महाधिवेशनबाट एउटा मात्र अध्यक्ष रहेर पार्टी अगाडी बढ्छ कि पहिलेको जस्तै अध्यक्ष मण्डल रहन्छ ?**
– राजनीतिक समितिको बैठक बैशाख ८ गते बस्दैछ । त्यसले महाधिवेशनको मिति तय गर्नेछ । महाधिवेशनले नै एउटा अध्यक्ष रहने कि अध्यक्षमण्डल रहने भन्ने कुराको निर्णय गर्छ ।

**० राजपा नेपालको नेतृत्वको कमी कमजोरी पनि देख्नुहुन्छ ?**
– कमी कमजोरीहरू त मैले खासै देखेको छैन । किनभने समयमा बैठक बसेकै छ । निर्णयहरू पनि सामूहिक रूपमा भएकै छन् । अध्यक्षमण्डलहरू बस्दा सामान्य विवादहरू आएका होलान् तर निर्णय गर्दा त्यस्ता कुनै विवाद आएका छैनन् । बहुमतको प्रणालीबाट हामी सहमतिबाट नै निर्णय गरेका छौं ।

**० स्थानीय निर्वाचनको टिकट वितरणमा आएको विवाद र समानुपातिक सांसद चयनमा आएको विवादलाई कुन रूपमा लिनुहुन्छ ?**
– निर्वाचनको समयमा टिकटको आकांक्षी धेरै हुन्छन् तर टिकट पाउने एक जनाले मात्र हो । टिकट नपाउनेहरूले पार्टी छोड्ने, आफ्ना-आफ्ना कुरा उठाउनु त्यो त स्वभाविक कुरा हो । सक्षम व्यक्तिलाई नै पहिचान गरेर नै टिकट वितरण गरिएको हो । टिकट दिइएको ठाउँमा साथीहरू सफल पनि भएका छन् । कुनै ठाउँमा सक्षम व्यक्ति छान्न नसक्दा असफल पनि भएको होला तर धेरै ठाउँमा सक्षम व्यक्तिलाई नै टिकट दिइएको छ । समानुपातिकको कुरा गर्नुपर्दा राजपाले संसदमा ६ वटा सिट पाएको ठाउँमा ६ वटै महिला हुनुभयो । निर्वाचन आयोगको नियमअनुसार समावेशीको हिसाबले नै अध्यक्षमण्डलको सहमतिबाट नै भएको हो । त्यसमो विभेद भएको छैन । मेरो विचारमा क्रमबद्ध निर्वाचन आयोगको नियमानुसार नै भएको छ ।

**० तपाईंकै पार्टीका नेताहरूले प्रतिनिधि सभाको समानुपातिक सांसदमा करोडौंको चलखेल भएको छ भनेर असन्तुष्टी पोख्दै आएका छन् ?**
– यस्तो कुरा मैले सुनेको पनि छैन र त्यसको प्रमाण पनि छैन । टिकट नपाउनेले गलत हल्ला फैलाउन गरेका होलान् । तर पार्टीभित्र त्यस्तो केही छैन ।

**० अहिलेको निर्वाचनले राजपा नेपाललाई दिएको जनादेश के हो ?**
– राजपा नेपाललाई विशेष गरी प्रदेश २ मा बढी मत प्राप्त गरेको छ । विकासको हिसाबले नेपालको ७ वटै प्रदेशलाई हेर्दा सबैभन्दा पछाडी परेको प्रदेश २ नै हो । मधेशमा १२ वटा पार्टीबाट ६ वटा र ६ वटाबाट २ वटा पार्टी भएको छ । यो २ वटा पार्टी पनि चुनावमा तालमेल गरेर गएको हुनाले हामीलाई विश्वास गरेर जनताले मत दिएका छन् । आम जनतामा मभेशी दलले नै मधेशको विकास गर्छ भन्ने विश्वास छ र त्यसैका आधारमा मत दिएर दुई तिहाई बहुमतले जिताएका हुन् ।

**० प्रदेशमा त राजपा र फोरमको सरकार रहेको छ । केन्द्रमा पनि जाने जनादेश पाउनुभएको छ ?**
– हाम्रो मागहरू सकारात्मक भएपछि सरकारमा जाने हो । सत्ता सञ्चालन गर्नका लागि नै जनताले मत दिएका हुन् । हाम्रो माग सम्बोधनदेखि लिएर विकासका कार्यक्रम र जनताको मागअनुसार विकासको काम हुने हो भने सरकारमा जाने सम्भावना देखिन्छ । तर अहिले सरकारमा जाने त्यस्तो कुनै सोच छैन । सरकारमा जाने भन्दा पनि मधेशमा विकास गर्ने, मधेशी जनतालाई सहयोग गर्ने र समृद्ध मधेश बनाउने नै हामीले जनादेश पाएका हौं ।

**० राजपाले संविधान संशोधनको मौखिक प्रतिबद्धता मागेको छ भने फोरमले लिखित सम्झौता, तपाईहरूको यस्ता क्रियाकलापले गर्दा जनतामा एक किसिमको आक्रोश पनि उत्पन्न भएको छ, यसलाई कुन रूपमा लिनुहुन्छ ?**
– जनताले त संविधान संशोधनदेखि समावेशितासम्मको जनादेश दिएकै हो । सरकारसँग सम्झौता त पहिले पनि धेरै भएको हो तर त्यो कार्यान्वयन भएको छैन । यसपटक हामीलाई मौखिक रूपमा नै संविधान संशोधन गर्छु भनेर सम्बोधन गरे भने हामी सरकारलाई सहयोग गर्न तयार छौं ।

**० संविधान संशोधन हुनेमा कति विश्वस्त हुनुहुन्छ ?**
– प्रधानमन्त्रीलाई हामीले विश्वास गरेर नै विश्वासको मत दिएका हौं । उहाँले आवश्यकता अनुसार देशको हित हुने गरी छलफल गरेर संविधान संशोधन गर्छौं भनेर विश्वास दिनुभएको छ । अर्को कुरा प्रदेश २ को सरकारलाई वाम गठबन्धनले विश्वासको मत दिएको छ त्यसैले गर्दा पनि हामीले प्रधानमन्त्रीलाई विश्वासको मत दिएका हौं ।

**० तपाईंहरूले भनेझै संविधान संशोधन हुन्छ भनेर विश्वास गर्न सकिन्छ ?**
– हामीले विश्वास गरेका नै छौं । आजसम्म मधेश विश्वासमा बाँचेको छ भने अहिले पनि हामी विश्वासमुखी नै छौं कि संविधान संशोधन हुन्छ । अहिले पनि हामी आन्दोलनमा नै छौं । संशोधन नभएसम्म हरेक कुरामा विरोध जनाउनु त्यो पनि आन्दोलन नै हो । अहिलेसम्म हामीले विश्वास गरेका छौं र गर्नु पनि पर्छ ।

**० कहिलेसम्म पर्खनुहुन्छ संविधान संशोधन हुन्छ भनेर ?**
– नियमावलीहरू बन्दैछन्, कामहरू भइरहेका नै छन्, अध्यादेशहरू आइरहेका छन् । त्यसमा राय सुझाव कस्तो आउँछ त्यसमा नै आधारित रहेर छलफल गर्नेछौं ।

**० सीमांकन तपाईंहरूको प्रमुख माग हो, प्रदेश सरकार गठन भइसकेको अवस्थामा यो सिमांकन हेरफेर गर्न कति सजिलो देख्नुहुन्छ ?**
– दुई तिहाई बहुमतको आधारमा सीमांकन हेरफेर गर्न पाउने प्रावधान छ । बहुमतले जे पारित गर्छ त्यही नै गर्ने हो ।

**० राजपा नेपालको एक वर्ष पूरा भएको अवसरमा जनतालाई के भन्न चाहनुहुन्छ ?**
– राजपा नेपाल बैशाख ७ गतेबाट दोस्रो वर्षमा प्रवेश गरेको हुनाले सम्पूर्ण देशवासीलाई धन्यवाद दिन चाहन्छु । राजपा दोस्रो कार्यकालमा सफलतापूर्वक, इमान्दारीतापूर्वक जनताको हक हितको लागि काम गर्नेछ ।

> **राजपा नेपाल गठन भएको एक वर्षमै उल्लेखनीय उपलब्धि हासिल गर्न सफल रह्यो ।**
>
> **राजपाले यो अवधिमा विभिन्न किसिमका चुनौतीहरू सामना गर्दै नेपालको चौथो राष्ट्रिय पार्टीको रूपमा स्थान बनाउन सफल रह्यो ।**
>
> **राजपाभित्र खासै विवाद छैन, संसदीय दलका नेता सर्वसम्मतबाटै चुनिन्छ ।**
>
> **६ वटा पार्टी एक ठाउँमा आउँदा सानातिना विवाद हुनु अस्वाभाविक होइन ।**

# सरकारलाई फोरमको आवश्यकता छ

विगतमा हामी देशलाई जोगाउनका निमित्त सरकारमा गएका हौं तर सत्ताको लोभमा हामी सरकारमा गएका छैनौं । यदि सत्ता लिप्सा भएको भए संविधान संशोधनको एजेण्डा छोडेर सरकारमा जाने थियौं । तर हामी गएनौं । यसबाट स्पष्ट नै छ, सरकारको लागि हाम्रो पार्टी होइन ।



**उमाशंकर अरगरिया**
सांसद, संघीय समाजवादी फोरम

**० संघीय समाजवादी फोरम अहिले के गर्दै छ ?**
– वास्तवमा भन्नुहुन्छ भने हामी विपक्षमा छौं । केपी ओली सरकारलाई विश्वासको मत दियौं किनभने उहाँहरूसँग बहुमत थियो । तर मधेशवादी पार्टीहरू, अधिकारवादी पार्टीहरूले पनि सहयोग गर्न चाहेको हो भन्ने सोचले मतदान गरेका हो ।

**० तपाईहरू सत्तापक्ष कि प्रतिपक्ष?**
– हामी प्रतिपक्षमा छौं ।

**० तपाईंको पार्टी अहिले केमा व्यस्त छ ?**
– हामी अहिले पार्टी संगठनलाई चुस्त बनाउन व्यस्त छौं । अध्यक्षज्यूसहित हामी पनि संगठन बनाउँदै छौं । जनताले विश्वास गरेर अहिले हामीलाई जसरी राष्ट्रिय पार्टीको रूपमा स्थापित गराएको छ, त्यसलाई निरन्तरता दिंदै पार्टीलाई अझ सशक्त र बलियो बनाउने प्रयासमा लागिरहेका छौं ।

**० संविधान संशोधन हुने आशामा तपाईंहरूले विश्वासको मत दिनुभयो, अहिले त्यो विषयमा के भइरहेको छ ?**
– संविधान संशोधनको विषयमा प्रधानमन्त्री केपी शर्मा ओली अझैसम्म पनि प्रष्ट हुन सक्नुभएको छैन । लिखित प्रतिबद्धता पनि भएको छ । विगतका प्रधानमन्त्रीहरूसँग पनि सम्झौता भएकै हो । तर अहिले संविधान संशोधन हुन्छ भन्ने आशामा पनि हामी बसेका छौं ।

**० वाम गठबन्धनलाई विश्वासका साथ तपाईंहरूले विश्वासको मत दिनुभयो तर संशोधन नै गर्छ भन्ने कति विश्वस्त हुनुहुन्छ ?**
– पहिला त केपी ओली संघीयता विरोधी नेता हुन् । माओवादीका नेता प्रचण्ड भने संघीयताको पक्षमा उभिएको नेताको रूपमा चिनिनु भएको हो । पछिल्लो समय संघीयता विरोधी नेताले देशमा संघीयता भयो भने देशमा समृद्धि आउँछ भन्नुभएको हो । संविधान संशोधन सम्पूर्ण देशबासीका लागि चाहिएको छ । देशमा पिछडिएको वर्गलाई पनि चाहिएको छ । त्यसकारण हामी संविधान संशोधन गराउनका निमित्त सरकारलाई अन्य रूपबाट पनि दबाब दिने नै छौं ।

**० कहिलेसम्म होला संविधान संशोधन ?**
– संविधान संशोधनको बाटो किटान हुँदैन तर पनि त्यही बाटोमा हामी लागिरहेका छौं ।

**० संविधान संशोधनको विषयमा सरकार र तपाईंको पार्टीबीचसंवाद टुटेको हो कि ?**
– अहिले संवादहीनताकै अवस्था छ । लिखित सम्झौता गरेर संविधान संशोधन गर्नुस् भनेकै हो । उहाँहरूले पनि सरकारमा आउन आग्रह गर्नु भएकै हो । हाम्रो प्रमुखता सरकार होइन । संविधान संशोधन नै प्रमुख विषय हो । त्यसकारण पनि हामी सरकारमा सहभागी भएका छैनौं ।

**० मधेशको समस्याको अन्तिम बिन्दु संविधान संशोधन नै हो त ?**
– मधेशको अन्तिम बिन्दु संविधान संशोधन मात्र होइन । समृद्ध, सम्पन्न र मधेशमा एउटा शुसासनको अवस्था ल्याउन पनि र मधेश मात्र होइन सम्पूर्ण देशका आदिवासी, जनजाती, मुस्लिम, महिला, मधेशी समुदाय र सिमांकृत समुदायलाई जो अधिकारबाट वञ्चित छ, ठूला वर्गको हातमा मात्र देशको बागडोर छ त्यसकारणले गर्दा हामी कुनै जातीको विरोधमा छैनौं । तर पिछडिएको जातीको लागि र पिछडिएका नागरिकका लागि पनि सम्बोधन होस् भनेर त्यसको पक्षमा हामी लागेका छौं ।

**० संविधान संशोधनबाट मधेशको कस्ता अधिकार सुनिश्चित हुन्छ ?**
– मैले बुझे अनुसार निर्वाचन प्रणाली गलत रूपमा लिइएको छ नेपालमा । विश्वको कुनै पनि देशमा भौगोलिक आधारमा निर्वाचन प्रणाली हुँदैन जुन हाम्रो देशमा छ । जहाँ हजारौं लाखौं जनता छ त्यहाँ पनि त्यही सरकारको प्रतिनिधित्व गर्ने उपस्थिति र जहाँ थोरै जनसंख्या छ त्यहाँको पनि त्यही उपस्थिति । तसर्थ जबसम्म जनसंख्याको आधारमा निर्वाचन प्रणाली हुन सक्दैन तबसम्म प्रजातन्त्रको अनुभूति आम जनतालाई हुँदैन । यसैका निम्ति हामी यो संघर्ष गरिरहेका छौं । संघीय समाजवादी फोरम पहिलेदेखि नै सबैमा समानता आओस्, सबै नेपाली दाजुभाइ, दिदीबहिनी मधेशमा, पहाडमा र हिमालमा बसेका पनि संयुक्त रूपमा आफ्नो देश, कानुन, संविधान र आफू पनि नेपाली हुँ भनेर गर्वले त्यहाँ बसोस् भन्ने हामी चाहन्छौं र यसको लागि संविधान संशोधन हुनु उपयुक्त हुन्छ ।

**० वर्तमान सन्दर्भमा भन्नुपर्दा संविधानको कुन-कुन ठाउँमा संशोधन आवश्यक देख्नुहुन्छ ?**
– सबैभन्दा पहिले त हामीले राण ाशासनलाई किन फाल्यौं ? त्यो एक जातीको शासन थियो त्यसकारण फाल्यौं । त्यस्तै पञ्चायत व्यवस्था आयो त्यो पनि एक जातीय व्यवस्था हुनाले त्यो पनि फाल्यौं । प्रजातन्त्रको जुन व्यवस्था थियो त्यसलाई पनि परिवर्तन गरेर संघीय लोकतान्त्रिकको बाटोमा ल्यायौं । वर्तमान अवस्थामा पनि एकल जातीको शासन जस्तो हेरिएको छ । त्यसले गर्दा प्रत्येक जनतालाई हाम्रो सरकार हो भनेर अनुभूति भएको छैन । हाम्रो कानुन, हाम्रो संविधान भनेर अनुभूति भएको छैन । त्यो अनुभूति गराउनको निमित्त जबसम्म यो अनुभूति आम जनतामा हुँदैन तबसम्म सहि लोकतन्त्र, गणतन्त्रक, संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानमा जुन व्याख्या गरिएको छ त्यो कार्यान्वयन हुन्छ जस्तो लाग्दैन । त्यस कारणले गर्दा हामी संविधान संशोधनको पक्षमा उभिएका छौं ।

**० संशोधनको मुख्य बुँदा सीमांकन नै हो ?**
– सीमांकन पनि एउटा बुँदा हो । जसरी पूर्व मेचिदेखि पश्चिम महाकाली, दक्षिणमा भारतको सिमाना र उत्तरमा महाभारत पहाड भित्र रहेको मधेशको सिमाना हो । तर हामीले समग्र मधेश स्वायत्त प्रदेश मागेका थियौं । हामी दुई तथा तीन प्रदेशसम्म जाँदा पनि तयार भएका नै थियौं । तर बेइमानीवश ठूला दलले मधेशलाई काटेर प्रदेश विभाजन गरे, जुन मधेशलाई आनय छैन । दुई नम्बरको प्रदेशलाई ८ जिल्लाको प्रदेश बनाइएको छ । त्यो प्रदेश जानकी मन्दिरलाई मात्र हेरिएको छ । त्यहाँ न भौतिक पूर्वाधार छ न त्यहाँ अस्पताल छ, अहिले आएर भने बल्ल विश्वविद्यालयको परिकल्पना गरिएको छ । त्यहाँ जानकी मन्दिरको चन्दाले मात्रै नि प्रदेश २ चल्ने होइन । त्यसकारण त्यहाँ बेइमानी भएको हो । न त्यहाँ खोला नाला राखिएको छ, न त्यहाँ हिमाल राखिएको छ । त्यसकारण मलाई लाग्छ त्यहाँ बेइमानी गरिएकै हो । यसै बेइमानीलाई सच्याउनका लागि सिमांकनलाई सच्याउन भनिरहेका छौं । सिमांकन सच्याउने कुरा प्रधानमन्त्रीले गरेता पनि स्पष्ट रूपमा नभनेकाले उहाँले कुन रूपमा त्यसलाई गर्नु हुन्छ त्यो त थाहा छैन तर हामी सिमांकन सच्याउने कोशिसमा लागेका छौं र लागिरहने छौं ।

**० निर्वाचनको समयमा तपाईंहरूको मधेशमा दुई प्रदेश भन्ने माग थियो, अहिले पनि त्यही नै हो ?**
– हाम्रो मूल लक्ष्य त यहि नै हो । हाम्रो प्रमुख लक्ष्य संविधान संशोधन नै हो । संविधान संशोधनमा जनसंख्याको आधारमा निर्वाचन प्रणाली र निर्वाचनकै आधारमा सरकारको विभिन्न पक्षहरूमा उपस्थिति जनाउनु हो । यी मागहरू हामीले छोडेका छैनौं ।

**० सीमांकनलाई सच्याउन कति सजिलो देख्नुहुन्छ ?**
– सजिलो त छैन । तर यसको पक्षमा हामी उभिरहन्छौं ।

**० संघीय समाजवादी फोरमलाई सरकारमा ल्याउन खोजिएको हो कि तपाईहरू आफै सरकारमा जान चाहनु भएको हो ?**
– सरकार प्रमुख कुरा होइन । आफ्नो अधिकारको लागि चुनावमा पनि गयौं र अधिकारकै लागि पार्टी पनि गठन भएको हो । संविधान संशोधन हाम्रो पहिलो लक्ष्य हो, त्यो लक्ष्य पछि सरकार दोस्रो नम्बरमा जान्छ । सरकारकै लागि हामी चुनावमा गएको पनि होइन, अधिकारको लागि गएको हो । संविधान संशोधन प्रमुख एजेण्डा भएकोले हामी सरकारमा गएनौं । सरकार पक्षले त हामीलाई बोलाएकै हो ।

**० सरकारमा फोरमको आवश्यकता कति देख्नुहुन्छ ?**
– सरकारलाई फोरमको आवश्यकता पनि छ । किनभने प्रदेश २ मा फोरमको सरकार छ । त्यहाँ विकास पनि गर्नुछ । विकासको हिसाबले हेर्ने हो भने सरकारमा जानु आवश्यक छ । यदि प्रधानमन्त्री ओलीले संविधान संशोधन गर्नुभयो भने उहाँको सरकार शक्तिशाली पनि हुनेछ । उहाँले संविधान संशोधन गर्नु भएन भने उहाँ कुशल प्रधानमन्त्री बन्न सक्नुहुन्न । किनभने यो संविधानको कमी कमजोरीहरू धेरै छन् । यो संविधान पूर्वाग्राही हिसाबले बनाइएको हो । जसले यो संविधान बनाए, उनीहरूलाई पनि महशुस भएको छ कि यो संविधान गलत छ । त्यसकारण यसमा भएका कमी कमजोरीलाई सच्याउनका लागि पनि सरकारलाई दुई तिहाई बहुमत आवश्यक पर्छ । सरकरा त दुई तिहाईको नजिक छ तर पनि मधेशवादी पार्टी सहभागी भयो भने दुई तिहाई बहुमत पुग्छ । यसको पक्षमा हामी जानलाई तयार छौं तर संविधान संशोधन मधेश, आदिवासी, दलित, महिला, मुस्लिमको पक्षमा संशोधन भयो भने अथवा ग्यारेन्टी भयो भने मात्र हामी सरकारमा जान सक्छौं । सानातिना कुराले गर्दा देश ओझेलमा पर्छ । त्यसकारण यो सरकारले पनि बुझ्नु पर्ने कुरा हो ।

**० तपाईंहरूलाई वाम गठबन्धनको सरकारले लिन चाहेको जस्तो देखिदैन तर तपाईंहरू सत्ता लिप्साको मोहमा फसेको भन्ने आरोप पनि सुनिन्छ नि ?**
– संघीय समाजवादी फोरम कति पटक सरकारमा गएको छ ? देश जब यो स्थितिमा पुग्छ भने देशलाई जोगाउने जिम्मेवारी हुन्छ । हामी एउटा राष्ट्रिय चरित्र बोकेको पार्टी हो । विगतमा हामी देशलाई जोगाउनका निमित्त सरकारमा गएका हौं तर सत्ताको लोभमा हामी सरकारमा गएका छैनौं । यदि सत्ता लिप्सा भएको भए संविधान संशोधनको एजेण्डा छोडेर सरकारमा जाने थियौं । तर हामी गएनौं । यसबाट स्पष्ट नै छ, सरकारको लागि हाम्रो पार्टी होइन । हाम्रो पार्टी देशलाई समृद्ध बनाउनको लागि र सबै जनता समान होस् भनेर नै हाम्रो पार्टी गठन भएको हो । त्यसकारण हामीमा सत्तालिप्सा छैन । हामी राष्ट्रको हितमा पनि र मधेश आदिवासी जनजातीको हितमा पनि हामी काम गर्छौं र गर्नेछौं ।

# चीन पनि संविधान संशोधनको पक्षमा



रामबाबु यादव

नेपालमा सबै तहको निर्वाचन सकिएको अवस्था छ। त्यसमा राष्ट्रिय पार्टीको रूपमा फोरम नेपाल आएको छ। पहिले पनि विद्यार्थी, महिला, नेताको टोली भ्रमणमा जाने गर्थे। अझ कांग्रेस, एमाले र माओवादीकै बढी जाने गर्थे। चुनाव भइसकेपछि देशमा पाँच वटा मात्र राष्ट्रिय पार्टी रहेको हुनाले संघीय समाजवादी फोरम पनि राष्ट्रिय पार्टी बन्न सफल भएको हो। यसले प्रदेश २ मा सरकार पनि बनाएको छ। यो देशको समृद्धिको लागि संघर्ष गरेको पार्टी हो। त्यसकारण यो पार्टीलाई पनि अन्य राष्ट्रिय पार्टी सरह नै ठाउँ दिएर एउटा छुट्टै टोली चीनको निमन्त्रणलाई स्वीकार गर्दै भ्रमणमा गएको हो

भ्रमणको मुख्य उद्देश्य भनेको नेपाल र चीनबीच मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्नु हो। चीनले कसरी विकास गरेको छ, त्यहाँको पर्यटक, सांस्कृतिक, आर्थिक, कृषि आदी क्षेत्रमा चीनले कसरी फड्को मारेको छ, त्यसलाई पनि साटासाट गरौं भन्ने उद्देश्यका साथ निम्तो गरिएको थियो र भ्रमण फलदायी नै रह्यो।

भ्रमणको उपलब्धी भनेकै ग्रामीण विकासमा चीनले गरेको प्रगतिबारे हामीले केही कुरा जान्ने प्रयास गर्‍यौं। कृषिको क्षेत्रमा पनि चीनले धेरै नै फड्को मारिसकेको छ। पर्यटनमा विशेष गरी नेपाल र नेपालको पनि मधेशको लागि सम्भावना छ तर हामी साधन र स्रोत नभएर अड्किएर बसेका छौं। यसमा चीनसँग सहकार्य गरेर अगाडी बढ्न सकिन्छ। चीनबाट फाइदा लिन सकिन्छ। चीनले ४० वर्षको अवधिमा गरेको प्रगतिलाई कसरी नेपालको सन्दर्भमा उर्तान सकिन्छ, त्यहाँको पार्टी सञ्चालन, कानुन सुव्यवस्थापनको बारेमा पनि अध्ययन गर्ने मौका पायौं। यही विषयमा हाम्रो टोलीले चासोका साथ लिएको थियो। यो विषयलाई नेपाल र चीन दुवैतर्फबाट चासोको रूपमा लिएको छ।

चीनको रणनीति के छ भने अन्य मुलुकसँग सहकार्य गर्ने। नेपालसँग पनि सहकार्य गर्ने अहिलेसम्म पनि कायमै छ। नेपालमा ३० भन्दा बढी योजनाहरूमा चीनले लगानी गर्ने, नाफामा मात्रै बाँडफाँड गर्ने र शर्त नराख्ने भन्ने चीनको नीति रहेको छ। केन्द्रबाट त्यो योजनाहरू तराईका भू-भागलाई छोडेर माथि माथिका भू-भागमा मात्रै लगानी गरेको देखियो। अहिले प्रदेश २ मा फोरमको सरकार आए सँगै चीनले पनि आफ्नो रणनीतिमा परिवर्तन गरेको महशुस हामीले गरेका छौं। चीनले यो पनि महसुस गरिसकेको छ कि हाम्रो लगानी तराईमा पुगेको छैन, मधेश पछौटेपनको शिकार भएको छ, त्यहाँ पर्यटन, कृषि, यातायात र शिक्षामा लगानी गर्नुपर्ने रहेको छ भन्ने उसको बुझाइ रहेको छ। त्यसको लागि पनि आफ्नो उद्देश्य हामीकहाँ राख्न खोजिएको महशुस भएको छ। मलाई लाग्छ चीनले पनि अब तराई-मधेशमा लगानी गर्ने अवस्था सिर्जना गर्ने छ।

नेपालमा चीनको लगानी मात्र पहाड केन्द्रित देखिएकोले चीनले नेपालमा नश्लीय राजनीति गरेको बेला बखतमा आवाज उठ्दै आएको छ। तर, म के अनुभव गरें भने हामी चीनको नीति नबुझेर यस्तो आवाज उठाउने गरेका छौं। चीनले गरेको लगानीमा नेपाल सरकारले योजना छनौट गर्छ तर कुनै शर्त राख्ने गरेको छैन। यो परियोजना संचालन गर्दा म बजेट दिन्न भन्ने रणनीति चीनले लिएको छैन। नेपालमा जुन सरकार आउँछ त्यसलाई चीनले स्वागत गर्छ। चीनले नेपालसँग सम्बन्ध गाँसेको छ तर नेपाली जनतासँग सम्बन्ध गाँसेको अवस्था छैन। हाम्रो नजरमा चीन नश्लीयवादी होइन। यदि नेपाल सरकार नै मधेशको लागि नश्लीय भइदियो भने चीनले के गर्छ त। नेपाल सरकारले भारत वा चीन कसैको लागि काम गर्ने वातावरण बनाइ दिएको छैन। भारत र चीनलाई दोष दिनुभन्दा पनि नेपाल सरकारकै दोष छ। त्यो गल्तीलाई सुधार्न जरूरी छ। नेपालभित्रका शासक वर्गले मधेशलाई उपेक्षा गर्ने बानीले यस्तो भएको हो।

हो, हाम्रो सरकारको नीतिमा नै दोष छ। सरकारले हामीप्रति गरेको व्यवहारबाट नै प्रष्ट हुन्छ। कसैलाई दोष लगाएर हुँदैन। आफ्नै देशभित्रै यसको उपाय खोज्नुपर्छ र हामी आफ्नै देशको नीतिले गर्दा पछाडी परेका हौं।

चीनले अहिलेसम्म बुझेको सायद मधेश आन्दोलनभन्दा पहिला नेपालमा पनि मधेशीहरू रहेका छन्, यिनीहरूको पनि पीडा छ, यिनीहरू पनि यो देशको मूलवासी हुन् भन्ने थाहा थिएन। मलाई लाग्छ कसैले हामीलाई चिनेको पनि थिएन। यति नजिकको सम्बन्ध रहेको भारतका नेतालाई पनि हाम्रै जातका, भेषभूषा, भाषा भएका जनताहरू नेपालका मधेशी समुदाय हुन् भन्ने थाहा थिएन भने चीनलाई त झन् कसरी थाहा होस्। ०६२/०६३ को आन्दोलन तथा अहिलेको आन्दोलनबाट पूरै विश्वलाई नै चिनाएको अवस्था रहेको छ। आन्दोलनका समयमा पनि भारतको आग्रहमा सिमानामा गएर आन्दोलन गरे तर उनीहरू भारतबाट आएका हुन् भनेर प्रचार गरिएको थियो, यो कुरा चीनलाई यहाँका शासकवर्गले बुझाएका थिए। हामी नाकाबन्दी र आन्दोलन गर्दा यहाँका शासक वर्ग खासमा एमालेका नेताहरूले चिनियाँ नेताहरूलाई भन्ने गरेका थिए कि उनीहरू भारतबाट आएका हुन्, उनीहरू मधेश प्रदेश लिएर भारतमै गएर मिल्छ जस्ता भ्रम फैलाएका थिए। तर, चीनलाई पनि यो कुरा विश्वास लागिरहेको थिएन। जसबाट चीनसमेत दोधारमा परको थियो। तर हामीले चीनलाई भ्रमणको समयमा यो सबै कुरा बुझाउन सफल भयौं र उनीहरू पनि सकरात्मक भए। हामीले नेपालको इतिहासलाई कोट्याउँदै भन्यौं कि नेपालको सबभन्दा पहिला राजा मधेशी नै थिए। अहिलेका शासकवर्गहरू सबै भारतको कुमाउ, गढवाल, सिक्किम लगायतबाट आएका छन् भन्ने कुरा चीनलाई पनि थाहा छ। हामीले यो देशमा आफ्नो समान अधिकारका लागि आन्दोलन गरेको कुरा बुझाउन सफल भयौं।

पहिले चीनको सम्बन्ध वामपन्थीसँग मात्रै हुन्थ्यो तर त्यसलाई अहिले परिवर्तन गरिसकेको अवस्था छ। भारतमा चीनले पहिला कम्युनिष्ट पार्टीहरूसँग मात्रै सम्बन्ध बनाएको थियो, तर अहिले परिवर्तन गरिसकेको छ। कुनै पार्टीलाई छोडेर जानुहुँदैन। राष्ट्रिय पार्टी जति सबैसँग मिलेर जानुपर्छ भन्ने नीति आएको छ। चीनले १६५ वटा देशका ४०० भन्दा बढी पार्टीसँग सम्बन्ध स्थापित गरिसकेको अवस्था छ। भारतमा चीनको सम्बन्ध जुन किसिमले भारतीय जनता पार्टीसँग छ त्यो कुनै पार्टीसँग छैन। अहिले भाजपाकै सरकार छ, भारत र चीनको व्यापार पूरा विश्वमा फैलिरहेको छ। त्यसकाणले चीनको नीतिमा अहिले परिवर्तन भएको छ।

यो देशको चौथो राष्ट्रिय शक्तिको रूपमा मधेश केन्द्रित दलको उपस्थिति भएको छ। यस सन्दर्भमा मधेशमा चीनको लगानी आउने सम्भावना बढ्दै गएको छ। पहिलाको जस्तो चीनको लगानी अब पहाड केन्द्रित मात्रै हुँदैन। चिनियाँहरू मधेशमा लगानी गर्ने इच्छुक छन्। हाम्रो प्रदेश २ का सरकार र मेयरहरूले कति विकास गर्न सकछन्, त्यसमा भर पर्छ। अहिले रोक लगाइएको अवस्था छ यो दुःखद अवस्था हो। प्रदेश सरकार, मेयर, सांसदलाई विकास गर्न नदिए कसरी देश विकास हुन्छ। यहाँको नीतिमा परिवर्तन गर्ने हो भने हामीले चाहेको भन्दा पनि धेरै विकास हामीमाझ हुनेछ। चीनको अर्को एउटा नीति के आएको छ भने आफूमात्र सुखी र सम्पन्न भएर हुँदैन, छिमेक पनि सुखी र सम्पन्न हुनुपर्छ। छिमेकी सम्पन्न भएन आफ्नो पनि स्थायित्व हुँदैन। त्यसकारण पनि छिमेकीलाई सहयोग गर्नुपर्छ। छिमेकीको सुख शान्तिमा सहयोग गर्न सकियो भने आफ्नो पनि सुख, शान्ति र स्थायित्व हुन्छ। नेपालको वातावरण बिग्रन गयो भने चीन र भारत दुवै देशलाई असर गर्छ। वातावरण त महत्वपूर्ण विषय हो नि। चीनको वातावरणमा धेरै लगानी छ। वातावरण स्वच्छ, शान्त होस् उनीहरूको चाहना छ। यसका साथै छिमेकीलाई पनि सँगसँगै लैजानुपर्छ भन्ने नीति हामीले पाएका छौं। त्यसैको फलस्वरूप चीनले फोरमको टोलीलाई भ्रमणमा बोलाएको थियो।

हामी यो देशको राष्ट्रिय राजनीतिक दलको रूपमा स्थापित भइसके पछि अहिलेको केपी शर्मा ओली नेतृत्वको सरकारमा प्रतिनिधित्वबारे चीनको जिज्ञासा रह्यो। यसमा उनीहरू सकारात्मक नै छन्। यो सरकारले हाम्रो लागि तीनवटा मन्त्रालय राखेको छ। तपाइँहरू सरकारमा जानुहुन्छ कि हुन्न भन्ने कुरा चीनका साथीहरूले गर्नुभयो। सरकारमा जाने या नजाने भन्ने कुरा यहाँका शासक वर्गमा भर पर्छ। हामी मधेशी जनताको प्रतिनिधित्व गरेर आएका छौं। हाम्रा मागप्रति सत्तापक्षले प्रतिबद्धता जनायो भने जान पनि सक्छौं भन्ने कुरा हामीले बतायौं।

हामीले विगतमा गरेका आन्दोलन र हाम्रा मागबारे चीन प्रष्ट छ। यो कुरामा उहाँहरू पनि सकारात्मक नै हुनुहुन्छ। हाम्रो संविधानमा के त्रुटी छ भन्ने कुरा उहाँहरूलाई राम्रोसँग थाहा छ। संविधानमा रहेका त्रुटिबारे नेपालका नेताभन्दा पनि चीनले राम्रोसँग अध्ययन गरेको छ। संविधान संशोधन गर्छ कि गर्दैन, सबैको सहभागिता गराउँछ कि गराउँदैन भन्ने जिज्ञासा चीनको छ। तर सबैलाई समेटेर संविधान संशोधन गर्नुपर्छ भन्ने चीनको धारणा हामीले पायौं।

*संघीय समाजवादी फोरम नेपालका सांसद रामबाबु यादवसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित।*

- ☞ भ्रमणको मुख्य उद्देश्य नेपाल र चीनबीच मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्नु हो।
- ☞ चीनले नेपालसँग सम्बन्ध गाँसेको छ तर नेपाली जनतासँग सम्बन्ध गाँसेको अवस्था छैन।
- ☞ हाम्रो नजरमा चीन नश्लीयवादी होइन।
- ☞ एमालेका नेताहरूले मधेशको विषयमा चीनलाई भ्रममा पारेका थिए।
- ☞ मधेशमा चीनको लगानी आउने सम्भावना बढ्दै गएको छ।
- ☞ मधेश आन्दोलन र मागका बारे चीन प्रष्ट छ।
- ☞ हाम्रो संविधानमा त्रुटी छ भन्ने कुरा चीनलाई थाहा छ।

# मधेश आन्दोलनका दुई शहीदपत्नीलाई नियुक्ति प्रदान

वीरगन्ज। वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीले मधेश आन्दोलनको क्रममा प्रहरीको गोली लागेर ज्यान गुमाएका शहिद दिनानाथ साह गोढकी श्रीमती सोनी देवी साह र शहीद दिपेन्द्र साह तेलीकी श्रीमती सीता देवी साहलाई नियुक्ति पत्र प्रदान गरेका छन्।

वीरगंज महानगरपालिकाको प्रथम नगर परिषदद्वारा मधेश आन्दोलनका शहीद तथा घाइते परिवारलाई उचित व्यवस्थापन गर्ने निर्णयअनुसार शहीदको पत्नी साह र तेलीलाई नियुक्ति पत्र प्रदान गरिएको हो।



मधेश आन्दोलनका शहीदपत्नीलाई महानगरमा नियुक्तिको पत्र दि□दै मेयर सरावगी।

मधेश आन्दोलनमा प्रहरीको गोली लागि ज्यान गुमाएका पर्सा झौवागुठि निवासी शहिद दिपेन्द्र साह तेलीको श्रीमती सीता देवी र बारा पर्सौनी निवासी शहिद दिनानाथ साह गोढको श्रीमती सोनी देवीलाई वीरगन्ज महानगरपालिका कार्यालयमा सेवा करारअन्तर्गत वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद रेग्मीले नियुक्त गरेका छन्। शैक्षिक योग्यताको आधारमा साहलाई महानगरपालिकाको नगर प्रहरी र तेलीलाई महानगरपालिका कार्यालयमा कार्यालय सहयोगी पदमा नियुक्त गरिएको हो।

शहिद दिपेन्द्र साहको मधेश आन्दोलन २०६३ को क्रममा प्रहरीको गोली लागि वीरगंजको राधेमाईमा मृत्यु भएको थियो भने शहीद दिनानाथ साह गोढको मधेश आन्दोलन २०७२ को क्रममा लक्ष्मनवा चोकमा प्रहरीको गोली लागि मृत्यु भएको थियो।

मेयर सरावगीले महानगरपालिका कार्यालयको आफ्नै कार्यकक्षमा एक कार्यक्रम गरी नियुक्ति पत्र प्रदान गरेका थिए। नियुक्ति पत्र प्रदान कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत सुमन श्रेष्ठ, मेयर सरावगीका राजनीतिक सल्लाहकार मुकेश द्विवेदी, नगर कार्यपालिका सदस्य सुशील साह कानु, संघीय समाजवादी फोरम नेपालका नेता शशि कपुर मियाँ, सुधिर पाण्डे, युवा नेता रंजन मिश्रा लगयातको उपस्थिति रहेको थियो।

यसअघि पनि वीरगन्जका मेयर सरावगीले मधेश आन्दोलनका जिउँदो शहीद मुन्सी पटेलकी श्रीमतीलाई नियुक्ति पत्र दिएका थिए। मधेश आन्दोलनका शहीद तथा घाइते परिवारलाई व्यवस्थापन गर्ने योजनाअन्तर्गत वीरगन्ज महानगरले नियुक्ति दिएको हो।

## मधेश अपडेट

### प्रधानमन्त्रीद्वारा विद्यार्थी भर्ना



सिरहा। दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने अभियानअन्तर्गत प्रधानमन्त्री केपी शर्मा ओलीले सिरहाका दुई जना बालबालिकालाई विद्यालय भर्ना गराएर अभिभावकत्व ग्रहण गरेका छन्। सिरहाको रामदुलारी मावि कल्याणपुर नपा ११ मा सोही ठाउँका दिनेश कुमार र कौशिला देवी मण्डल (खत्वे) की ५ वर्षकी छोरी रूपाकुमारी मण्डल (खत्वे) र भोगेन्द्र र अमिराकुमारी मल्लिकका ५ बर्षका छोरा पवन मल्लिक (डोम) लाई प्रधानमन्त्रीले विद्यालय भर्ना गराएका हुन्। भर्ना गरिएका बालबालिकालाई प्रधानमन्त्रीले पुस्तक र पोशाक समेत वितरण गरेका थिए। विद्यालय भर्ना गरेपछि सम्बोधन गर्दै प्रधानमन्त्रीले आफूले भर्ना गराएका विद्यार्थी सफल भएको हेर्न चाहेको बताए। उनले भर्ना अभियानमा विद्यालय गएका विद्यार्थीलाई विद्यालयमै टिकाउन सरकारले सबै सहयोग गर्ने प्रतिबद्धता पनि जनाए। यस अघि बैशाख १ गते मुगुमा प्रधानमन्त्री ओलीले एक बालिकालाई विद्यालय भर्ना गराएका थिए।

### नीति तथा कार्यक्रम बहुमतले पारित

जनकपुरधाम। प्रदेश २ सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ। सोमबार बसेको प्रदेश सभाको बैठकले प्रदेश २ को सरकारको नीति तथा कार्यक्रमलाई नेपाली कांग्रेस बाहेक सबै दलले समर्थन गरेका हुन्। चैत २८ गते प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेशसभा बैठकमा नीति तथा कार्यक्रम पेश गरेका थिए। सत्तासीन दल संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालको संयुक्त सरकारले प्रदेशसभा बैठकमा पेश गरेको २० पृष्ठमा समेटिएको ६० बुँदे नीति तथा कार्यक्रमलाई प्रमुख प्रतिपक्षी दल वाम गठबन्धन घटक नेकपा एमाले र नेकपा माओवादी केन्द्रले समेत समर्थन जनाएको छ। प्रदेश सांसदहरूले बहुमत जनाएपछि प्रदेश सभामुख सरोजकुमार यादवले प्रदेश सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गरे। बैठकमा बोल्ने अधिकांश प्रदेश सांसदहरूले प्रदेश सरकारको नीति कार्यक्रम समग्रमा राम्रो भएपनि केही कुराहरू छुटेकाले समेट्न आग्रह गरेका थिए।

### प्रदेश २ प्रति सरकार गम्भीर : मन्त्री महासेठ

वीरगन्ज। भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले वर्तमान सरकार प्रदेश नं २ को पूर्वाधार विकासप्रति गम्भीर रहेको बताएका छन्। आवाज एफएफको दोस्रो वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री महासेठले यस्तो बताएका हुन्। उनले प्रदेश २ विकासको मामिला पछाडि परेकोले सरकारको प्राथमिकतामा रहेको बताए। आवाज एफएमका अध्यक्ष श्याम बञ्जराको अध्यक्षतामा सम्पन्न सो वार्षिकोत्सव कार्यक्रममा प्रदेश नं २ का विधायक ओमप्रकाश शर्मा, वीरगञ्ज महानगरपालिकाका प्रमुख विजय सरावगी, पूर्वसांसद विचारी यादव, राजकुमार गुप्ता, जयप्रकाश थारूलगायतले पूर्वाधार विकासका क्रममा निकै पछि परेको प्रदेश नं २ को विकासका लागि संघीय सरकारले पर्याप्त रकम विनियोजन गर्न माग गरेका थिए।

### कृषि अनुदान अब सिधै किसानको हातमा : मन्त्री खनाल

कपिलवस्तु। कृषि, भूमि व्यवस्थापन तथा सहकारीमन्त्री चक्रपाणि खनालले कृषि अनुदान अब सिधै किसानको हातमै पुग्ने दाबी गरेका छन्। उनले सरकारले उपलब्ध गराउँदै आएको अनदान वास्तविक किसानसम्म नपुगेको दाबीसमेत गरेका छन्। उनले कृषि अनुदानमा हुने दुरूपयोग रोक्न सरकारले विशेष व्यवस्था ल्याउने बताएका छन्। मेहनती किसानका लागि सरकारले उपलब्ध गराउँदै आएको अनुदान वास्तविक किसानसम्म नपुगेको दाबी गर्दै मन्त्री खनालले अब सिधै किसानको हातमा पुग्ने व्यवस्था मिलाइरहेको जानकारी दिए। आफ्नो निर्वाचन क्षेत्र कपिलवस्तुको मायादेवी गाउँपालिका-७ हरनामपुरमा आइतबार आयोजित खुला दिसामुक्त घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै कृषिमन्त्री खनालले सिंहदरबारबाट निस्कने अनुदानको रकम बीचमै हराउने रोगको अब अन्त्य गरिने दाबी गरे।

### कर्मचारीले संघीयता बुझेनन् : मन्त्री बराल

चन्द्रकान्त खनाल, रूपन्देही। सामाजिक विकासमन्त्री सुदर्शन बरालले कर्मचारीहरूमा संघीयताको मर्म र महत्वको बुझाईमा समस्या रहेको बताएका छन्। र्मचारीमा अहिले पनि संघीयता नबुझेको कारण समस्या हुने बताएका छन्। नेपालको संविधान-२०७२ ले संघीय संरचनाको खाका कोरेको र सोहीअनुसार तीनवटै तहले वैधानिकता पाएको अवस्थामा पनि शिक्षा मन्त्रालयका कर्मचारीहरूले संघीयताको महत्व नबुझेको मन्त्री बरालले बताए। मुलुक संघीयतामा गइसकेपछि उनीहरूको मानसिकता केन्द्रिकृत नै रहेको बताउँदै मन्त्री बरालले जिल्ला शिक्षा कार्यालय प्रदेश सरकार मातहत नआए पनि केही फरक नपर्ने बताए। 'शिक्षा कार्यालयका कर्मचारीहरू जिल्ला प्रशासन कार्यालयको मातहतमा बस्छु भन्नुको कारण के हो ?' उनले भने, 'त्यहाँका कर्मचारीहरू के गर्छन् भनेर कुरिदैन, असारदेखि मन्त्रालयले आफ्नो जिम्मेवारीपूर्ण रूपमा कार्यान्वयनमा लैजान्छ।'

### प्रदेश २ लाई लगानीमैत्रीका रूपमा विकास गरिने

जनकपुरधाम। प्रदेश नं. २ लाई लगानीमैत्री प्रदेशका रूपमा विकास गरी लगानीकर्तालाई प्रोत्साहन गर्ने नीतिनिर्माणको गृहकार्य भइरहेको छ। लगानी बोर्डद्वारा जनकपुरधाममा आयोजित प्रदेशमा 'लगानीका सभाव्य क्षेत्र' विषयको अन्तरक्रियामा प्रदेश सरकारका मन्त्रीहरूले प्रदेश नं २ मा उद्योग, अन्तर्राष्ट्रिय विमानस्थल, पर्यटन, कृषि, रेल्वेलगायत क्षेत्र वैदेशिक लगानीकर्ताका लागि आकर्षणको केन्द्र हुन सक्ने बताए। संघीय, प्रदेश र स्थानीय सरकारबीचको कानूनी जटिलताको प्रष्टता र ऐनकानूनको निर्माणको आवश्यकतामा जोड दिँदै उनीहरूले प्रदेशमा साधनस्रोत र अवसर पर्याप्त रहेकाले संघीय सरकारले द्विविधाजनक मानसिकता त्याग्नु जरूरी रहेका बताए। कार्यक्रममा आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले वैकल्पिक ऊर्जा, सिँचाइ, फोहरमैला व्यवस्थापन र कृषिको आधुनिकीकरण गर्ने विषय पनि लगानीकर्ताका लागि आकर्षणका क्षेत्र हुन सक्ने बताए।

### जनतालाई सेवा दिनुस् : मुख्यमन्त्री पोखरेल

बुटवल। प्रदेश नम्वर ५का मुख्यमन्त्री शंकर पोखरेलले सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूलाई बढी जिम्मेवार र जवाफदेही बनाउनु पर्ने बताएका छन्। उनले सरकारी अस्पताल स्वास्थ्यसेवा दुब्लाउने तर नीजि अस्पताल र स्वास्थ्य संस्थामा फष्टाउने अवस्थाको अन्त्य गर्नुपर्ने बताएका छन्। सरकारी अस्पतालमा काम गर्ने स्वास्थ्यकर्मीहरूको कारण भित्रका दुब्लाउने र वाहिरका फष्टाएका छन् यो अबस्थाको अन्त्य गरि सर्बसाधारणले सर्बसुलब सेवापाउने बेबस्था मिलाउनु पर्ने बताए। प्रदेश नंम्वर ५ मा आज देखि सुरू भएको 'स्वास्थ्यप्रति जिम्मेवार, समृद्धिको आधार' जनजनमा स्वास्थ्य पहुच हाम्रो अभियानको बुटवल स्थित लुम्विनी अञ्चल अस्पतालमा शुभारम्भ गर्दै मुख्यमन्त्रि पोखरेलले सरकारी अस्पतलमा भएका साधन श्रोत र जनशक्तिको अत्यधिक सदुयोग गरेर जनतालाई सेवा दिन निर्देशन समेत दिए।

# के मधेश मर्ज भए ?



ध्रुवकुमार मण्डल

**जय मधेशको गर्जनरूपी स्वर र सूर्य सधैंका लागि अस्ताए । त्यसको ठाउँ लिए प्रदेश एउटा सानो टुक्राले हाम्रो नियत यहि हो । मधेशको सकुंचित राजनीति ।**

उहिलेको समग्र मधेश-एक प्रदेश । मधेशी एकता । हाम्रो देश स्वतन्त्र मधेश । यी खुलिएका आवाजहरू कहाँ दबिए । या त सेलाए या त सँधैका लागि हराए । उहिलेको हिमाल, पहाड र तराई-मधेश आज यसो हेर्दा हिमाल, पहाड आफ्नै ठाउँमा छँदै छ तर ओझेल भए या हराएको हो भने तराई-मधेश । उहिलेको मधेशी जन अधिकार फोरम आज संघीय समाजवादी फोरम नेपालमा रूपान्तरित भइ सके । उहिलेको तराई मधेश लोकतान्त्रिक पार्टी पनि हराए या त विलाए । उहिलेको नेपाल सद्भावना पार्टी त सत्ता लोलुपतता र व्यक्तिगत स्वार्थका कारण सदाको लागि समाप्त नै भए । नव उदीयमान सदभावना पार्टी पनि मधेशीको आँखावाट कोशौं दूरसम्म खोज्दा पनि देखा परिरहेको छैन । मधेशको लागि ज्यान दिने मधेशी सपुतहरूका संतती भोलीका दिनमा आफ्नो मधेश आन्दोलनमा ज्यान गुमाएका आमा, बुवा, दाजु भाई दिदिबहिनीहरूको स्मारक हेरेर भोलीका दिनमा हामीलाई सोध्ने छन् । के जवाफ छ हामी सँग ? हामी के जवाफ दिने ती भावी संततीलाई । बडो जटिल प्रश्न सृजित भएको छ आजको प्रदेश र हिजोको मधेशमा ।

आखिर किन ज्यान गुमाए ती वीर वहादुर वजरंगवलीहरूले । एउटा चोक्टाको लागि ? एउटा टुक्राको लागि मात्र त ? संविधानमा आफ्नोपन, आत्मीयता संविधान हाम्रो हो भने हक खोज्ने राजनीतिक दलहरूलाई पनि आजै सन्मुख रहेको यहि प्रश्न हो । देशमा आज संघीय शासन व्यवस्था छ । उहिलेको चौधौं अञ्चल हराए । पाँच विकास क्षेत्र हराए । पचहत्तर जिल्लाको साटो सतहतर जिल्ला पुऱ्याएर उहिले भौगोलिक विभाजनलाई प्रादेशिक विभाजनसम्म पुग्दा त के देखिन्छ भन्ने मधेश मर्ज भए । तर कहाँ सवाल पैदा हुन्छ कहाँ गए मेची-महाकालीसम्मको मानव सांग्लो । किन खेर गए कसैको रहग ? यहि सानो टुक्राको लागि त ? किन भए ति पहिलो र दोस्रो मधेश आन्दोलन । मधेश आन्दोलनको मधेश मधेशीहरूको आवाज सँगै उडेर गए त ?

वास्तवमा नेपालमा २०६२/०६३ को जन आन्दोलनले ठूलो परिवर्तन ल्याए । ऐतिहासिक परिवर्तन र राजतन्त्र भागे सँधैंका लागि । राजपरिवार छ छँदैछ र राजतन्त्र विस्थापित भए । अर्कोतिर मधेश विस्थापित भएर प्रदेश स्थापित भए । यहि हो जन आन्दोलनको स्वरूप र संरचना ? मधेश आन्दोलनको उपज हो यहि प्रदेश हो ? एउटा सानो टुक्रा । सानो भाग । जसलाई भनियो २ नं. प्रदेश । जहाँ पनि २ नंम्वरको व्यक्ति भनने बितिकै अरूलाई शंका लाग्छ । यो मान्छे दुई नम्वरी हो भन्छ । अर्थात तेस्रो आँखाले हेर्ने चलन छ संसार भरी नै । बस हामी भयौं २ नम्वरी । के मधेश आन्दोलन २ नम्बरी हुन आन्दोलन गरेका थियो त ? किनभने राणाकालीन नेपालमा पनि मधेश थिए र मुलुकी ऐनमा पनि मधेश गोस्वारा भनेर मधेशको चिनारी थियो । शाहीकालमा पनि हिमाल पहाड र तराई-मधेश थियो । जन आन्दोलनले जन्माए मधेश । मधेशमा बस्नेले मधेशी नाम पनि पाए । आफूलाई गर्व पनि नभएको होइन र मधेशी भन्ने पहिचान पनि बने । तर नेपालको संविधान २०७२ लाई मान्यता दिन समर्थन गर्ने मधेशी दलहरूले गज्जव गरिदियो मधेशलाई विस्थापित गरिदिए मधेशको लागि लड्ने राजनीतिक दलहरूले । मधेशकै नामवाट राजनीति गर्नेहरूले आज बिर्सी सके । ठीक त्यसै गरी लोकोक्ति जस्तो-डुबते को तिनके का सहारा । नदीमा पौडिन न जान्नेहरूले डुबिरहेको बेला एउटा सानो लत्रेको घाँस समातेर किनारा त लाग्छ त अलिकति खुट्टा अल्झियो भने किनारामा आउनु भन्दा अघि नै उखेलेर फाली दिन्छ र ठिक त्यसै गरी यो मधेशको नाममा लडाई लडने मधेशी नेताहरूले आज मधेशमा एउटा पनि मधेशी नेता छैन जस्तो लागिरहेको छ ।

राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्केका वि.पी. कोइरालाले भनेका थिए कि कालन्तरमा प्रजातन्त्र बिना देश रहँदैन, राजा रहँदैन हामीहरूको त कुरै भएन । त्यो कथन ठिक मधेशमा लागू भएको देखिन्छ । आज नेपालमा संघीयता छ, नेपाल एउटा संघीय देश हो । यहाँ ७ वटा प्रदेश छन् । पुरै देशमा आज प्रादेशिक विभाजनले विभाजित रहेको छ ।

वास्तवमा २०६२/०६३ को जनआन्दोलनले राजतन्त्र विस्थापित गरे त्यसै गरी नेपालको संविधानले मधेशलाई मर्ज गरे, विस्थापित गरे र त्यसको साटो प्रदेश स्थापित भए । यानी जनआन्दोलनले विस्थापित गरे राजतन्त्र भने मधेश आन्दोलनले मर्ज गरे मधेश । उसमा पनि एक पटकको लागि होइन दुई पटकको मधेश आन्दोलनले मर्ज गरे मधेश । स्व. गजेन्द्र नारायण सिंहको सप्तरी सेवा आश्रममा आज बोडिङ्ग स्कूलमा परिणत भए झैं मधेश पनि एउटा ८ जिल्लाको टुक्रा लिएर २ नं. प्रदेश बनेर सिमित भई सके । १० वर्ष अघिसम्म गाउँ घरमा प्रचलनमा रहेका ढिकी, जाँतो, कोल्हा जस्ता शब्दहरू बिलाए जस्तै अबको १० वर्ष पछि मधेशमा जन्मेका संततीहरू पनि मधेशलाई बिर्सेर २ नं. प्रदेशका बासिन्दा छ भन्ने बुझने छन् र यसरी नै मर्ज भए मधेश । मर्ज गरे मधेश ।

यसर्थ साढे तीन सय वर्षको अंग्रेजी गुलामीवाट मुक्त भएका आजाद भारतको बिहारमा वस्ने बिहारी नै रहे, पंजावमा बस्ने पंजावी नै र गुजरातमा बस्ने गुजराती नै तर नेपाल स्थापनाकालदेखि नै स्थापित मधेश आज एउटा टुक्रामा सिमित भए २ नं. प्रदेशमा । राजनीति यहि हो र आज मधेशी राजनीतिज्ञहरूलाई यो सानो टुक्राको नाम न त मधेश दिन सकेको छ न त देशले नै । किनभने २०६२/०६३ को जनआन्दोलनको ज्वार र मधेश आन्दोलनको उपज ल्याएको मधेश राज्य सँधैंको लागि हराएर गए । जय मधेशको गर्जन रूपी स्वर र सूर्य सँधैंको लागि अस्ताए । त्यसको ठाउँ लिए प्रदेश एउटा सानो टुक्राले हाम्रो नियत यहि हो । मधेशको सकुंचित राजनीति । आज देश रहेन भने मधेश रहेन भने मधेशीहरूको त कुरै भएन र भविष्यमा देशमा हिस्सेदारीका कुरा गर्ने हामीहरूको अस्तित्व समेत संकटमा जाने कुरा भइरहेको छ ।

*(लेखक अधिवक्ता हुन् ।)*

# कांग्रेसमा मधेशीसँग चरम विभेद हुँदैआएको छ : चौरसिया

मकवानपुर । नेपाली कांग्रेसले मधेशीसँग चरम विभेद गर्दै आएको आरोप कांग्रेसकै एक नेताले लगाएका छन् । नेपाल शिक्षक संघ मकवानपुरको विशिष्ठ सदस्य गगनदेव चौरसियाले यस्तो आरोप लगाएका हुन् । उनले कांग्रेसले मधेशको मत लिने तर मधेशीलाई दासको रूपमा मात्र प्रयोग गर्ने नीतिका कारण मधेशबाट कांग्रेस लोप हुने दाबी गरेका छन् । उनले भित्री मधेश र पहाडका जिल्लाहरूमा एक ठाउँमा पनि कांग्रेसले मधेशीलाई स्थान नदिएको आरोप लगाएका छन् । कांग्रेसको यस्तै रवैया रह्यो भने कांग्रेसमुक्त मधेशको अभियान चलाउने चेतावनीसमेत दिएका छन् ।



उनले मकवानपुर जिल्लाको प्रतिनिधिबाट षड्यन्त्रपूर्वक आफूलाई हटाइएको बताएका छन् । चौरसियाले प्रेस विज्ञप्ति जारी गरी शिक्षक संघको जिल्ला अध्यक्षमा बस्ने इच्छा राख्दा ट्रेड यूनियनमा उम्मेदवारी दिनु पर्ने भनी नेपाली कांग्रेसका नेता र नेतृहरू अधिवेशन हुने दिन २०७४ चैत्र १४ गते दिउँसो २ बजेर ३० मिनटको समयमा कोठे बैठक गरेर मेरो प्रतिनिधि खारिज गरेको आरोप लगाएका छन् ।

नेपाली कांग्रेसका नेताहरूले मधेशी भएको कारण विभेद गरेको चौरसियाको तर्क रहेको छ । विज्ञप्तिमा भनिएको छ कांग्रेसका नेताहरूले ट्रेड यूनियनको अधिकार तथा मानव अधिकारबाट बंचित गरेको छ । नेपाली कांग्रेसका शुभेक्छुक सस्थाहरू कमजोर हुदै गएकोमा कांग्रेसका नेता नेतृ नै दोषी रहेको चौरसियाले ठहर गर्दै आफ्नो स्वार्थ पूरा गर्नको लागि भजनमंडली र हनुमानलाई ल्याई ईमानदार, निष्ठावान, निस्वार्थीलाइ पाखा लगाउने खेल बन्द गरी समावेशिताको सिद्धान्त अवलम्वन गरेर अगाडि बढिएन भने कांग्रेस समाप्त हुने चेतावनी विज्ञप्ति मार्फत दिइएका छ ।















## संक्षिप्त समाचार

### पप्पु कन्स्ट्रक्सनको ध्यानाकर्षण

वीरगन्ज । राजनीतिक दुराग्रहले प्रेरित र आर्थिक दोहन गर्ने मनसायले केही सञ्चार माध्यमहरूले गलत समाचार सम्प्रेषण गरेको भन्दै निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सनको ध्यानाकर्षण भएको जनाएको छ । पप्पु कन्स्ट्रक्सनका आधिकारिक प्रतिनिधि राजेश्वर रौनियारले सोमबार एक विज्ञप्ति जारी गरी केही सञ्चार माध्यमले आधारहीन र नियोजित समाचार प्रकाशित गरेको भन्दै दुःख व्यक्त गरेका छन् । 'निर्माण कार्य सम्पन्न भइसकेको पर्साको विन्दवासिनी गाउँपालिकास्थित नवरंगिया नदीको पुलको तथ्यहीन समाचार गलत उद्देश्यका साथ प्रकाशित भएको छ ।' विज्ञप्तिमा उल्लेख छ ।

### रोजगार मेला हुँदै

विराटनगर । बेरोजगार युवाहरू लाभान्वित हुने उद्देश्यका साथ विराटनगरमा तीनदिने रोजगार मेला हुने भएको छ । नेपाल घरेलु तथा साना उद्योग महासंघ मोरङले तीन दिने रोजगार मेलाको आयोजना गर्न लागेको हो । बैशाख ७ गतेदेखि ९ गतेसम्म मेलाको आयोजना गर्न लागिएको सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिइएको हो । आइएलओ, रोजगार विभाग, श्रम कार्यालय सूचना केन्द्र समेतको सहयोगमा एलिट क्लबको हाताभित्र सो मेलाको आयोजना हुँदैछ । रोजगार मेलामा रोजगारीको अवसर खोज्ने र रोजगारी दिन दक्ष कर्मचारीको खोजी गर्ने, संघसंस्थाबीच समन्वयकारी भूमिका खेल्दै एकापसमा मिलाउन पुलको काम मात्र गर्ने आयोजकले जनाएको छ । मेलामा करीब २०० उद्योगीलाई सहभागी गराइने र त्यसबाट करीब ५०० बेरोजगार युवा लाभान्वित हुने अनुमान गरिएको बताइएको छ ।

### १२ वर्षीय रबिनको अद्भूत स्वर

मोरङ । झापाको दमकका १२ वर्षीय रबिन दर्जी (अशोक) अहिले युटयुव र सामाजिक सञ्जालमा भाईरल भएका छन् । नेपालमा चलेका गायकहरूसँग दाँजेर उनको स्वरलाई सार्वजनिक गरिएपछि उनको चर्चा चुलिएको छ । सुकुम्बासी परिबारमा जन्मिएर हुर्किएका बालक दर्जीका बुबा ज्याला मजदुरीमा काम गर्छन् । खोलाको छेउमा रहेको उनको सानो फुसको छानो भएको घरमा उनको भेट्न जानेको लर्को समेत बढेको छ । झापाको दमक र मोरङको उर्लाबारी आसपासका क्षेत्रमा रहेका होटल तथा फुटपाथमा गित गााउँदै हिंड्ने बालक दर्जी एकाएक सेलिब्रेटी बनेका छन् । उनी केही नेपाली र केही हिन्दी गितहरू जस्ताको त्यस्तै गाउँछन् । उनको स्वरमा अद्भुत जादु रहेको छ ।

### करेन्ट लाग्दा बालिकाको मृत्यु

रौतहट । रौतहट जिल्लाको यमुनामाई गाउँपालिका वडा नम्बर २ भेडियाहीमा मंगलबार बेलुकी ४ बजेको समयमा बिजुलीको करेन्टबाट १० वर्षीया बालिकाको मृत्यु भएको छ । खेलिरहेको अवस्थामा घरमा जडान भएको विद्युतको तारबाट करेन्ट लाग्दा स्थानीय उमेश यादवको १० वर्षीया छोरी उषा कुमारी यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक रामकुमार दानीले बताएका छन् ।

### बाँकेमा दुई जना कटुवा पेस्तोलसहित पक्राउ

नेपालगन्ज । जिल्लामा कटुवा पेस्तोलसहित दुई जना पक्राउ परेका छन् । उनीहरूलाई प्रहरीले सोमबार यहाँ सार्वजनिक गरिएको हो । नेपालगन्जस्थित संघीय प्रहरी एकाइ कार्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा बाँके जानकी गाउँपालिका-६ का प्रमोदकुमार चमार र शोभाराम यादवलाई एक थान कटुवा पेस्तोलसहित सार्वजनिक गरिएको हो ।

### खाल्डोमा डुबेर बालकको मृत्यु

विराटनगर । मोरङको रतुवामाई नगरपालिका-२ मा खाल्डोमा जमेको पानीमा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा छ वर्षीय बालक आवेदसिंह गनगाई रहेको प्रहरीले जनाएको छ । आइतबार घर नजिकैको खाल्डोमा खेल्न निस्केका उनलाई स्थानीयवासीले खाल्डोमा डुबेको देखेपछि उपचारका लागि झुर्कियास्थित स्वास्थ्य केन्द्रमा पुऱ्याइएको प्रदेश प्रहरी कार्यालय, विराटनगरले जनाएको छ । उनलाई चिकित्सकले मृत घोषित गरेको थियो ।

### महिलाको शव बरामद

रौतहट । रौतहट जिल्लाको कटहरिया नगरपालिका वार्ड नंबर ४ हरषाहा टोलमा एक महिला मृत अवस्थामा फेला परेकी छन् । आफ्नो घरदेखि एक सय मीटरको दूरीमा स्थानीय निवासी मुकेश चौरसियाको २४ वर्षीया श्रीमती सिमा देवी चौरसिया मृत अवस्थामा भेटिएकी हुन् । श्रीमान मजदूरी गर्नका लागि विदेश मलेशियामा रहेको र घरमा सासु, ससुरा तथा बुहारी रहेको इलाका प्रहरी कार्यालय गरूडाले जनाएको छ ।

### माटोको डिस्कोले पुरिएर मृत्यु

बर्दिया । मधुबन नगरपालिका(५ बस्ने २५ बर्षीया गणेश शाहीको माटोको ढिस्कोले पुरिएर मृत्यु भएको छ भने २१ बर्षीया सुरजा शाही र २६ बर्षीया सुस्मिता बिक घाइते भएकी छिन् । सोही ठाउँस्थित डाँडे सामुदायिक बनमा घर लिप्ने माटो खन्ने क्रममा मंगलबार ढिस्कोले पुरिएर गणेशको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । घाइतेहरूलाई उपचारको लागि जिल्ला अस्पताल गुलरियामा पठाइएको छ ।

### नारायणी नदीमा बेपत्ता

नबलपरासी (बर्दघाट सुस्ता पूर्व) । नारायणी नदीमा डुबेर एक युवक बेपत्ता भएका छन् । मध्यबिन्दु नगरपालिका-३ बस्ने २० वर्षीय सुरज महतो सोमबार रतनपुरस्थित नारायणी नदीको छेउमा नुहाउने क्रममा डुबेर बेपत्ता भएको प्रहरीले जनाएको छ । । प्रहरीले महतोको खोजतलास गरिरहेको छ ।

### जंगली हात्तीको आक्रमणबाट दुईको मृत्यु

पर्सा । पटेर्वासुगौली गाउँपालिका-१ स्थित पर्सा बन्यजन्तु आरक्षण भित्र रहेको दुधेश्वर नाथ महादेब मन्दिर नजिक जंगली हात्तीले आक्रमण गर्दा शुक्रबार २ जनाको मृत्यु भएको छ भने १ जना भाग्ने क्रममा घाइते भएका छन् । हात्तीको आक्रमणबाट बहुदरमाई नगरपालिका-८ रामनगरी बस्ने ३१ बर्षीय कम्लेश सहनी र ठोरी गाउँपालिका-४ शान्तिटोल बस्ने ३५ बर्षीय साग बहादुर दोङको घटनास्थलमै मृत्यु भएको थियो । घाइते सोही ठाउँ बस्ने ३२ बर्षीय बिर बहादुर दोङको स्थानीय मेडिकलमा उपचार भइरहेको छ ।

### डुबेर युवकको मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका वडा नं ९ भर्लावासको मुसिवाङ बाँधमा पौडी खेल्ने क्रममा डुबेर एक युवकको मृत्यु भएको छ । पौडी खेल्ने क्रममा डुबेर अर्घाखाँची साविक ठाडा-२ घर भई हाल वाणगंगा नगरपालिका वडा नं ८ बोडगाउँ बस्दै आएका १९ वर्षीय राजन भुसालको मृत्यु भएको प्रहरीले जनाएको छ । बाणगंगा बहुमुखी क्याम्पस वोडगाउँमा कक्षा १२ मा अध्ययनरत उनी नयाँ वर्ष मनाउन त्यस ठाउँमा गएका थिए ।

### विष्णु महायज्ञ सुरू

वीरगन्ज । वीरगन्जको नगवा चौकमा सुरू भएको लक्ष्मी नारायण विष्णु महायज्ञको प्रतिनिधिसभा सदस्य प्रदीप यादवले विधिवत रूपमा उद्घाटन गरेका छन् । नगवाचौक नजिकै निर्माण भएको हनुमान मन्दिरको प्राण प्रतिष्ठा कार्यक्रमको उपलक्ष्यमा बुधबारदेखि सुरू भएको महायज्ञको हिन्दु विधिअनुसार पुजापाठ तथा प्रवचन सुरू भएको छ । बुधबारदेखि सुरू भएको विष्णु महायज्ञ नौ दिनसम्म चल्ने यज्ञ आयोजन समितिले जानकारी गराएको थियो । महायज्ञमा भगवान विष्णुको विभिन्न अवतारहरूको बारेमा मूर्ति निर्माण गरिएको छ भने महायज्ञ हेर्न आउने दर्शनार्थी तथा भक्तजनहरूका लागि वृन्दावनबाट आएका विद्वान पण्डितहरूद्वारा दिनमा प्रवचन तथा रातमा रासलिला टोलीद्वारा रासलिला प्रस्तुतिको व्यवस्था गरिएको छ ।

# मोदीको 'डेस्टिनेसन'लाई बुझ्न नसकेको नेपाली नेता



देवप्रकाश त्रिपाठी

करिब साढे तीन वर्षअघि नेपालको संविधानसभामा उभिएर भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भनेका थिए, 'हिमाल, पहाड र तराई नै नेपाल हो ।' त्यतिबेला दुरूह बनेको त्यस्तो वाक्यावली श्रवण हुँदा सबै नेपाली झङ्कारित भएको महसुस गरिएको थियो । नेपाललाई कसरी, कति टुक्रामा विभाजित गर्ने र खण्डित भूगोलका नाम कुन जातीय विशिष्टता झल्काउने गरी चयन गर्ने भन्नेजस्ता उदिग्न विषयहरूमा बहस चलिरहेका बेला भारतका प्रधानमन्त्रीले नेपाल भनेको के हो भनेर सम्झाइरहेका थिए ।

मोदीका अभिव्यक्तिले त्यतिबेला क-कसलाई चोट या धक्का पर्‍यो त्यसबारे खोजबिन गरिएन, तर मधेसको नाममा राजनीति गर्ने केही समूहका अगुवाहरूले चाहिँ मोदीकै सामुन्ने असन्तुष्टि प्रकट गर्न भ्याएका थिए । उनीहरूको असन्तुष्टि मोदीले आफ्नो मन्तव्यमा 'मधेस' र 'मधेसी' शब्द प्रयोग नगरेकोमा थियो । हिमाल, पहाड र तराई नै नेपाल भएको स्मरण मोदीबाट गराइँदा मधेस र मधेसीको नाममा राजनीति गर्नेहरूलाई जति दुखेको हुँदो हो 'सबैलाई समेटेर संविधान बनाउन' दिएको सुझावले त्यसभन्दा बढी दुखाइ अर्का एकथरीमा पैदा भएको महसुस गरिन्थ्यो ।

अल्पसङ्ख्यक तथा आईएनजीओसम्बद्ध व्यवसायीको चाहना र भावनालाई मात्र उच्च प्राथमिकतामा राखेर संविधान बनाइँदै गर्दा मोदीले दिएको सुझावले क-कसलाई पोलेको थियो भन्ने कुराको जवाफ २०७२ साल असोज ३ गते रातारात संविधान जारी गरेर उनीहरू आफैँले दिएका छन् । मोदीको आसय सबैको भावना समेटेर संविधान निर्माण हुँदा त्यो दिगो हुन्छ भन्ने थियो । यद्यपि सबैभित्र को-को पर्नुपर्छ, त्यसको व्याख्या उनले गरेनन् । बहुसङ्ख्यक सनातनी र असन्तुष्ट तराईवासीको भावनालाई समेत समेटेर संविधान जारी हुँदा उपयुक्त हुन सक्छ भन्ने उनलाई लागेको थियो भने त्यो अस्वाभाविक र नाजायज थिएन । कुनै पक्ष विशेषलाई निषेध गर्दै जारी गरिने संविधान दीर्घायु बन्न नसक्ने चिन्ता मोदीमा थियो भने त्यसलाई अनुचित मान्नुपर्ने कारण पनि थिएन ।

तर, निश्चित 'डेस्टिनेसन' तय गरेर अघिबढाइएका 'निमित्त नेतृत्व'ले मोदीको सुझावलाई सकारात्मक रूपमा लिन खोजेन, बरू तत्कालै संविधान जारी नभए उपलब्धिको रूपमा प्राप्त सङ्घीय, गणतन्त्रात्मक, धर्मनिरपेक्षता नै गुम्न सक्छ भनी भूमिगत रूपमा सचेत गराउने 'लगानीकर्ताहरू' को सल्लाहअनुरूप संविधान हठात जारी गरिएको थियो । प्रणव मुखर्जी, श्यामशरण, एसडी मुनी, टी. हर्मिज र सीताराम येंचुरीलगायतकाहरूको 'सुझाव' शिरोधार्य गर्दै संविधान जारी गर्नेहरूले 'देशको पक्षमा दर्बिलो अडान प्रस्तुत गरेको' घोषणा पनि गर्न भ्याए । र, केपी ओलीहरू यसै प्रकरणमा राष्ट्रवादीको दर्जामा पुगेका हुन् ।

१९४७ मा औपनिवेशिकताबाट मुक्त भएयता भारतमा काङ्ग्रेस पार्टीको अविच्छिन्न शासन थियो र, करिब सात दशकसम्म एकथरीको शासन कायम रहँदा उसका दृष्टिकोण तथा नीति र कार्यक्रमहरू राज्यका नीति र कार्यक्रमका रूपमा अवलम्बित हुनु स्वाभाविक थियो । कुनै खास समयमा अल्पकालका लागि काङ्ग्रेसइतर शक्ति भारतको सत्तामा देखा परेको भए पनि तिनको नीति राज्यले अवलम्बन गर्ने सम्भावना कम रहन्थ्यो, काङ्ग्रेस सत्ताले तर्जुमा गरेको नीति, व्यवहार र दृष्टिकोणलाई नै भारतले आत्मसात् गर्दै आइरहेको थियो ।

भारत स्वतन्त्र भएपछि नरेन्द्र मोदीको नेतृत्वमा भाजपाले जसरी निर्वाचनमा विजय हासिल गर्‍यो, वास्तवमा यो एउटा पार्टीको ठाउँमा अर्को पार्टी विजय भएको सामान्य घटना मात्र थिएन । मोदी नेतृत्वमा भाजपाको विजय भारतका मौलिक राष्ट्रवादीहरूको अर्थपूर्ण विजय थियो र यसले परम्परागत राजनीतिक यात्रामा आमूल परिवर्तन ल्याउने सामर्थ्य बोकेको थियो । सबै छिमेकी मुलुकहरूसँग नयाँ र उपयोगी दृष्टिकोणसहित सम्बन्ध विकास गर्ने ध्येय मोदीले राखेको बुझिन्थ्यो । तर, नेपाल र नेपालीको पक्षमा तर्जुमा गरेको नवीन नीति, दृष्टिकोण र सुझावलाई नेपालको कथित परिवर्तनका बाहकहरूले ग्रहण गर्न चाहेनन् । बाह्रबुँदे सम्झौता (सन् २००६) देखि संविधानसभाको निर्वाचन हुँदै धर्मनिरपेक्षता र जातीय आरक्षणसहितको सङ्घीय गणतन्त्रात्मक व्यवस्थालाई संविधानत: व्यवस्थित गर्ने खेतीमा रमाएका खेतालाहरूले नेपाल र नेपालीको हितमा नरेन्द्र मोदीले अवलम्बन गरेका नीति र व्यवहारको लाभ उठाउने जाँगर चलाएनन् ।

मोदीको सुझावअनुरूप अघि बढ्दा देशलाई दिगो लाभ पुग्ने स्थिति भए पनि राजनीतिक रूपमा आफ्ना आकाङ्क्षाहरूको



परिपूर्ति हुन सम्भव देखिएन । परिवर्तनका वाहकहरूले आफूलाई क्षति पुर्‍याएर देशलाई लाभ पुर्‍याउन राजनीति गरेकै थिएनन्, त्यसैले श्यामशरण र एसडी मुनीहरूको इसारा र इच्छाअनुरूप नरेन्द्र मोदीलाई धारेहात लगाउँदै 'बहादुरीपूर्वक' जारी गरिएको संविधानले अनेक आकार-प्रकारका नेतारूपी मनुवालाई अनेकौं स्तरका पदमा विराजमान गराएको त छ, तर स्थायित्व र समृद्धिको चाहना पूरा हुन असम्भव देखिँदै छ, जसलाई नयाँ प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो मूल उद्देश्य र गन्तव्य बनाएका छन् ।

नरेन्द्र मोदीले नेपाललाई हिन्दूराष्ट्र बनाउन दबाब दिएका थिएनन्, तर संविधानमा नेपाललाई हिन्दूराष्ट्रका रूपमा चित्रण गरिएको भए त्यसबाट नरेन्द्र मोदी अवश्य दुःखी हुने थिएनन् । बरू विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल घोषणा हुँदा नरेन्द्र मोदीसहित विश्वभरिका सनातन हिन्दूहरूले गौरवान्वित महसुस गर्ने थिए । नेपाल हिन्दूराष्ट्रको पहिचानमा उभिँदा यसबाट सबैभन्दा बढी लाभ पनि नेपाललाई नै हुने हो । हिमाल पहाडलाई तराईसँग भावनात्मक रूपमा जोड्ने काम पनि यही हिन्दुत्वबाट मात्र सम्भव हुने विश्वास गरिन्छ । बहुराजाहरूको अवाञ्छित क्रियाकलापले एक राजा विस्थापनको औचित्य पुष्टि गर्न सकिरहेको छैन । मोदीले राजसंस्था पुनर्वहाली गर्न सुझाव या दबाव दिएका थिएनन्, छैनन् । उनले सबैको भावनालाई समेट्न दिएको सुझावलाई ग्रहण गर्दै राजसंस्थालाई समेत छेउ कुनातिर 'स्पेस' दिइएको भए यसले पनि मोदी या उनको भारतलाई भन्दा नेपाललाई नै लाभ पुऱ्याइएको हुने थियो, होइन र ?

नरेन्द्र मोदीका सद्भावलाई देशको हितमा उपयोग गर्ने जाँगर त नेपाली राजनीतिका ठेकेदारहरूले चलाउँदै चलाएनन्, बरू मधेस शब्द उच्चारणसम्म गर्न नचाहेका मोदीमाथि मधेसीलाई उचालेको आरोप लगाइयो र काठमाडौंमा उनको धज्जी उडाइयो । मोदीको बदनामीमै राजनीतिक ठेकेदारहरूले आफ्नो निजी भविष्य सुरक्षित देखेका छन् भन्ने तथ्यप्रति हामी साधारण नेपालीले पनि आँखा लगाएनौं ।

सात वर्षसम्म जारी हुन नसकेको संविधान नरेन्द्र मोदीलाई शत्रु थापेर रातारात जारी गरियो, संविधान जारी गराउन प्रत्यक्ष र अप्रत्यक्ष भूमिका निर्वाह गर्नेहरूले नै मधेसका केही राजनीतिक समूहलाई सङ्घर्षमा उतारेका थिए भन्ने बुझ्न अलिक मिहिनेत गर्नुपर्ने हुन्छ । संविधानप्रति असहमति जनाउँदै सङ्घर्ष शुरू हुन सक्यो काठमाडौंमा र सङ्घर्ष शुरू हुनुपर्ने पनि काठमाडौंमा नै थियो । हिन्दूराष्ट्रको नारा दिएर ठगी गर्ने एउटा दललाई काठमाडौंबाट २०७० को संविधानसभा निर्वाचनमा प्राप्त मत अनुपातको विश्लेषण गर्दा पनि संविधानविरूद्धको सङ्घर्ष काठमाडौंमा नै शुरू हुन सक्थ्यो भन्ने दर्शाउँछ । तर, भारत जाने मुख्य नाकाहरूमा केही समूहका नेता तथा कार्यकर्तालाई धर्नामा बसाएर काठमाडौं उपत्यकावासीलाई दिनभरि तेलको लाइनमा खडा हुन बाध्य तुल्याइयो ।

कथित नाकाबन्दीले संविधानप्रति तराईका केही जिल्लामा मात्र असहमति जीवित रहेको देखाइयो, यसले एकातिर मधेस एजेण्डा बोकेर नेपाली राजनीतिमा 'रमाइलो' गर्न चाहनेहरूको इच्छा पूरा गर्‍यो भने अर्कोतिर नेपालीलाई नरेन्द्र मोदीविरोधी बनाउने र मोदीलाई नेपालीप्रति उद्विग्नता बढाइदिने सफलता पनि संविधानजारी गराउनेहरूलाई प्राप्त भएको देखियो । एउटै शक्तिले एकैपटकमा संविधान जारी गराउने, संविधानप्रति असहमतिका एजेण्डा जीवित राख्ने, राजधानीमा संविधानप्रति असहमति जनाउँदै हुन सक्ने सङ्घर्ष उठ्न नदिने, नेपालीलाई मोदीविरोधी बनाउने र मोदीलाई नेपालीप्रति वितृष्णा भाव पैदा गराउने काम जति सहजै सम्पन्न गर्न सक्यो, त्यसले कर्ताहरूको क्षमता मात्र जाहेर गरेको छैन, हामी नेपाली कुन स्तरका 'विर' रहेछौं भन्ने पनि छर्लङ्ग पारेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरस्थित रामजानकी मन्दिरमा दर्शन गरी सार्क सम्मेलनमा सहभागी हुन इच्छुक थिए र, उनले सोहीबमोजिम भ्रमण कार्यक्रम पनि तय गरेका हुन् । अनेकौं बहानाबाजी गरेर नेपालका 'परिवर्तनकारी' प्रचण्ड र विमलेन्द्रहरूले मोदीको जनकपुर आगमनमा त्यसबेला अड्चन पैदा गराएका थिए । तर, संविधान जारी भइसकेपछि जानकी मन्दिरमै पुर्‍याएर प्रणव मुखर्जीलाई एक भव्य समारोहबीच अभिनन्दन गराउने कार्य यिनैले गरेका हुन् । धेरै नेपालीलाई थाहा छ, नेपालमा सङ्घीय, धर्मनिरपेक्ष, गणतन्त्र र जातीय आरक्षण व्यवस्था स्थापना गर्न 'फोकल पोइन्ट'को भूमिका निर्वाह गर्ने व्यक्ति प्रणव मुखर्जी हुन् । त्यसैले नरेन्द्र मोदीलाई रोकेर उक्त स्थानमा प्रणव मुखर्जीलाई पुर्‍याएर अभिनन्दन गरियो ।

यतिबेला नेपालका कथित परिवर्तनकारीहरू भारतमा आगामी वर्ष हुने संसदीय निर्वाचनमा नरेन्द्र मोदीको पराजयको निम्ति यशुको प्रार्थना गर्दै छन् । श्यामशरण र एसडी मुनीदेखि प्रचण्ड-विमलेन्द्रसम्मका व्यक्तिहरू मौका पाउनासाथ नरेन्द्र मोदीको आलोचना र अपमानका निम्ति यथेष्ट समय व्यय गर्ने गर्दछन् । सन् २०१९ मा हुने भारतको संसदीय निर्वाचनमा मोदीको पराजय हुँदा देश जे-जस्तो अवस्थामा पुगे पनि आफ्नो भविष्य र कथित उपलब्धिहरू सुरक्षित रहने विश्वास 'बाह्रबुँदेवाला'हरूमा देखिन्छ । त्यसैले कुनै तरिकाबाट आगामी डेढ वर्ष काट्ने कलात्मक योजनामा उनीहरू रहेको बुझिन्छ । तर, आगामी निर्वाचनले पनि नरेन्द्र मोदीलाई नै सत्तामा पुर्‍याइदियो भने यिनले त्यसपछि के गर्ने हुन्, सम्भवत: यसरीचाहिँ उनीहरूले सोच्न खोजेका छैनन् ।

नरेन्द्र मोदी नेपालप्रेमी थिए, अझै उनी नेपालप्रेमी रहेको बुझिन्छ । भारतको पुरानो सत्ताका हरेक इच्छा र इसाराप्रति संवेदनशील नेपालका 'परिवर्तनवाला'हरूले मोदीसँग मिलेर अघि बढ्न चाहेका भए नेपाली राष्ट्रिय एकता, राष्ट्रिय पहिचान र सार्वभौमिकताको प्रवर्द्धन मात्र हुने थिएन, नेपालको आर्थिक विकास र समृद्धि सुनिश्चितताका अनेक आयाम उजागर हुन सम्भव थियो ।

नेपालको कम्युनिस्ट सत्ताले नरेन्द्र मोदी नेतृत्वको भाजपा सरकारसँग दार्शनिक, वैचारिक र सैद्धान्तिक तवरमै दूरी महसुस गरेको छ । कम्युनिस्टहरूका निम्ति जहिले पनि देशभन्दा 'सिद्धान्त-विचार' महत्वपूर्ण हुने गर्दछ । देशभन्दा 'सिद्धान्त' 'महान' ठानिएकैले उत्तर कोरियाको उत्पत्ति भएको हामीले बिर्सनुहुँदैन । भारतलाई 'न्युट्रलाइज्ड' गर्दै सम्बन्ध अर्कैसँग 'सुदृढ' बनाउने चाल चालिएको हो भने नरेन्द्र मोदी र आजको भारतलाई 'अन्डरमाइन्ड' नगरेको अवस्थामा मात्र हाम्रो हित सुरक्षित रहने विश्वास गर्न सकिन्छ ।

व्यापार घाटा, जलसम्पदाको उपयोग, सुरक्षा, सीमा, भौतिक विकास, व्यापार सुविधा, विद्युत् उत्पादन तथा खरिदलगायत दर्जनौं अधिक महत्वका विषयमा नेपालले भारतको उदारता अपेक्षा गरिरहेको समय हो यो । मोदीको नेपालप्रेमलाई देशको हितमा उपयोग गर्न फेरि पनि उदासीनता देखाइयो भने चिरकालसम्म नेपाललाई असर पर्न सम्भव छ, तर देशको भन्दा आफ्नो भविष्यप्रति ज्यादा संवेदनशील 'परिवर्तनवाला'हरूबाट मोदीसँगको सम्बन्धमा उदासीनताबाहेक अरू केही प्रकट हुने सम्भावना चाहिँ अहिलेसम्म देखिएको छैन । *–घटना र विचारबाट*

## "आवास पुन:निर्माण परियोजना" सुरू

नुवाकोट । भारत सरकारको सहयोगमा यहाँको तेइस हजारभन्दा बढी भूकम्प प्रभावितलाई आवास पुन:निर्माणमा सहयोग पुऱ्याउन 'नेपाल आवास पुन:निर्माण परियोजना सञ्चालन आएको छ । विसं २०७२ वैशाख १२ को विनाशकारी भूकम्पले क्षति पुऱ्याएको आवास पुन:निर्माण प्राविधिक तथा सामाजिक सहयोग पुऱ्याउन जिल्लाको साविक १९ स्थानीय निकायमा परियोजना सञ्चालनमा आएको जिल्ला संयोजक प्रेमकान्त झाले जानकारी दिए । "तोकिएको स्थानीय निकायभित्र रहेका कूल २३ हजार ८८ लाभग्राहीको घर पुन:निर्माण गर्ने योजनासहित पुन:निर्माण परियोजनाले नुवाकोटमा काम शुरू गरेको छ ।" झाले भने, "कार्यालय एवं सम्पर्क केन्द्रको स्थापना, कर्मचारी नियुक्ति लाभग्राहीको अवस्था सर्वेलाई अघि बढाउन लागिएको छ ।" परियोजनाले जिल्लाको साविक विदुर नगरपालिकासहित, १८ गाविस बसुन्चेत, बागेश्वरी, बालकुमारी, बुङ्ताङ, चारघरे, देउराली, दाङ्सिङ, गोर्स्याङ, जिलिङ, खरानीटार, खानीगाउँ, किम्ताङ, खङ्भञ्याङ, कल्याणपुर, मनकामना, मदानपुर, सामरी र सुन्दरादेवीलाई छनोट गरेको छ । परियोजनाले भूकम्प प्रभावितलाई आवास निर्माण अनुदान सम्झौता, प्रशासनिक कागजात मिलाउन सहजीकरण, नक्सापास, दक्ष जनशक्ति उत्पादन गर्न डकर्मी तालीमलगायतका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । कार्यक्रम सञ्चालन हुने क्षेत्रका ९८ प्रतिशतले आवास निर्माण अनुदान सम्झौत पूरा गरेको, ७५ प्रतिशत लाभग्राहीले आवास निर्माण गरिरहेको जिल्ला आयोजना कार्यान्वयन इकाइको तथ्याङ्क रहेकाले परियोजनाको कार्यक्रम आकर्षक नहुने देखिएको छ ।

## भारतीय पूर्वराजदूतद्वारा डोल्पामा पदयात्रा

डोल्पा । नेपालका लागि तीन भारतीय पूर्वराजदूत जिल्लाको प्राकृतिक तथा धार्मिक सौन्दर्यको दृश्यावलोकनका लागि आएका हुन् । नेपालका लागि पूर्वभारतीय राजदूतहरू रञ्जित राय, श्याम सुन्दरदेव मुखर्जी र श्याम शरण डोल्पाको भ्रमणमा यहाँ आएका हुन् । यहाँको प्राकृतिक सौन्दर्य र जैविक विविधताले मन लोभ्याएपछि आफूहरू डोल्पाको सौन्दर्यसँग रमाउन १५ दिने यात्रामा आएका पूर्वराजदूतहरूले बताएका छन् । प्रचुर प्राकृतिक सम्पदा, धार्मिक महत्वका साथै पर्यटकीय सम्भावना बोकेको जिल्ला भएकाले डोल्पा घुम्न लालायित भएको पूर्वराजदूत रायले बताए । धार्मिक पर्यटकीय महत्व बोकेको त्रिपुरासुन्दरी नगरपालिकास्थित त्रिपुराकोटमा रहेको श्रीवालात्रिपुरासुन्दरी भगवतीको दर्शन गर्न पुग्नुभएका रायले यस अघि समेत डोल्पाको भ्रमण गरेका छन् । उहाँले प्रचार प्रसारको अभावमा डोल्पा ओझेलमा परेको बताए । डोल्पा शे फोक्सुन्डो, बालात्रिपुरासुन्दरी, जगदुल्ला ताल, धो ताक्सी उपत्यका, शे फोक्सुन्डो राष्ट्रिय निकुञ्ज, यार्सागुम्बा लगायतका कारण चर्चित छ । पर्यटक भित्र्याउन राष्ट्रिय सडक सञ्जालसँग डोल्पालाई जोड्न आवश्यक रहेको पूर्वभारतीय राजदुतहरूले बताएका छन् । भारतीय राजदूतावासको रू तीन करोड ३३ लाख सहयोगमा त्रिपूरासुन्दरी नगरपालिका- १ त्रिपुराकोटमा श्रीवाला त्रिपुरासुन्दरी भगवती मन्दिर निर्माण गरिएको छ । तीनैजना राजदूत जुफाल, त्रिपुराकोट, दुनै, धो ताक्सी, शे फोक्सुन्डो ताल भएर जुफालहुँदै काठमाडौं फर्कने कार्यक्रम रहेको बताइएको छ ।

## दिल्लीदेखि माथिल्लो मुस्ताङसम्म वुमन वियोन्ड बाउन्ड्रिजको साहसिक यात्रा

काठमाडौं । वुमन वियोन्ड बाउन्ड्रीजको साहासिक यात्रा जारी छ । यो यात्रा भारतको दिल्लीदेखि माथिल्लो मुस्ताङसम्म पुगेर पुन: सोही स्थानमा पुगी यात्रा पुरा हुने कम्पनीले जनाएको छ । यसका लागि महिन्द्राले सातवटा स्कोर्पियो, एक गेटवेर एक थार गाडीहरू प्रदान गर्ने जनाएको छ । १३ दिनसम्मको यस यात्रा ७ अप्रिलमा प्रारम्भ भएको र १९ अप्रिलमा सम्पन्न हुने जनाइएको छ । करिब २० जना सहभागी यस यात्रा २९ सय ५० किलोमिटर दुरी पूरा गरी सम्पन्न हुने जनाइएको छ । यो यात्रा समुद्र सतहबाट शुरू भई ४ हजार मिटरको उचाइसम्म पुग्ने जनाइएको छ । वुमन वियोन्ड बाउन्ड्रीजएक भोरल्याण्ड जर्नी हो ।

## भारतका दुई व्यवसायिक समूहसँग छलफल

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारत गएको नेपाल चेम्वर अफ कमर्सको टोलीले भारतका दुई छुटाछुटै व्यवसायीक समूहसँग भेटवार्ता गरेको छ । भारतस्थित पीएचडी चेम्वर अफ कमर्स र (वाजमे) टोलीसँग छुटटछुट्टै भेटवार्ता गरेको हो । भेटवार्तामा दुई देशवीचको व्यापार तथा लगानी प्रबर्द्धनको विषयमा छलफल भएको थियो । त्यसक्रममा साना तथा मझौला उद्योगको विकासका लागि क्षेत्रीयस्तरमा संयुक्त रूपमा गर्न सकिने कार्यहरूकाबारेमा छलफल भएको थियो ।

## पेट्रोलियम पाइपलाइन विछ्याउन सुरू

काठमाडौं । भारतको मोतिहारी-रक्सौल तथा नेपालको अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको लागि भूमिगत रूपमा पाइप गाड्ने काम औपचारिक रूपमा सुरू भएको छ । नेपालमा पेट्रोलिय इन्धन आपुर्तीका लागि निकै महत्वपूर्ण मानिएको योजना एक औपचारिक कार्यक्रमबीच नेपालतर्फ पाइप राख्ने काम सुरू भएको हो । बाराका प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धरले नेपालतर्फ पाइप विछ्याएको ठाउँमा माटोले पुरेर यसको शुभारम्भ गरे । पथलैया र सिमराको बीचबाट पाइप राख्न सुरू गरिएर पाँच सय मिटर पाइप शुभारम्भको क्रममा ओछ्याएर पुर्ने काम गरिएको छ । अमलेखगंजदेखि रक्सौलसम्म ३६.२ र रक्सौलदेखि मोतिहारीसम्म ३२ किलोमिटरमा पाइप भुमिगत पाइप स्थापित गरी नेपाललाई अहिले चाहिने डिजेलको ८० प्रतिशत आपूर्ति उक्त माध्यमले गरिने योजना हो । सुरूमा रक्सोदेखि अमलेखगन्जसम्मको पाइपलाइन योजना पछि इण्डियन आयल कर्पोरेशनले रक्सोलको आफ्नो डिपो मोतिहारीको छापरा बहास गाउँ नजिक सार्न थालेपछि पाइपलाइन त्यहाँसम्म जोड्न थालिएको हो ।


क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू



"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
सीताराम मेहता
सांसद
नेपाली कांग्रेस

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
अभिषेक प्रताप शाह
सांसद
नेपाली कांग्रेस

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
रामबाबु यादव
सांसद, संघीय समाजवादी फोरम नेपाल

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
प्रदीप यादव
सांसद, संघीय समाजवादी फोरम, नेपाल

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
उमाशंकर अरगरिया
सांसद, संघीय समाजवादी फोरम, नेपाल

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
नारदमुनी राना
सांसद, नेकपा एमाले

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
छविलाल विश्वकर्मा
सांसद, नेकपा एमाले

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
झपट रावल
सांसद, नेकपा एमाले

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
सन्तकुमार थारू
सांसद, नेकपा एमाले

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
महेश्वर गहतराज अथक
सांसद, नेकपा माओवादी केन्द्र

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
रामसहाय प्रसाद यादव
सांसद, संघीय समाजवादी फोरम नेपाल

नयाँ वर्ष २०७५
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
विमलप्रसाद श्रीवास्तव
सांसद, संघीय समाजवादी फोरम नेपाल

## जिल्ला समाचार

### प्रदेश ५ को बजेट पारित

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश नम्बर ५ को आर्थिक वर्ष २०७४/०७५ को बाँकी अवधिको बजेट सोमबारको प्रदेशसभा बैठकबाट पारित गरेको छ । बजेट पास हुनुअघि प्रदेशसभा बैठकमा विनियोजित शीर्षकमाथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेस संसदीय दलका नेता बलदेव शर्मा पोखरेलले बजेटमा रोल्पाको थवाङमा जनयुद्ध स्मारक र गुल्मीको हरेवामा जीवराज आश्रित स्मृति केन्द्र बनाउने उल्लेख भएको छ । तर, रूपन्देहीका शहीद यादवनाथ आलोक र रामप्रसाद चौधरीको स्मृतिमा बजेट मौन रहेकोले त्यसतर्फ सरकारको ध्यान जाओस् भने । प्रदेशसभा सदस्य कृष्ण न्यौपानेले छोटो समयका लागि बजेट आएपनि बजेट सकारात्मक दिशामा रहेको भन्दै प्रदेशमा रहेका पर्यटकीय क्षेत्रको विकासमा बजेटले प्राथमिकता दिनुपर्ने बताए । प्रदेशसभा सदस्य रमा अर्यालले बजेट आलंकारिक भएको तर पारदर्शी नभएको भन्दै एक प्रदेश सभाका सदस्य बरावर एक योजना बनाउन सरकारसँग माग गरिन् ।

### नेपाली झण्डा महोत्सव मनाइयो

नेपालगन्ज । अन्तराल संस्थाको व्यवस्थापन तथा विभिन्न सामाजिक संस्थाको सहकार्यमा नेपालगन्जमा नेपाली झण्डा महोत्सव मनाइएको छ । महोत्सवमा सहभागीहरूले नेपाली झण्डा फरफराएका थिए । त्यस अवसरमा नेपाली राष्ट्रियता झल्किने सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो । कार्यक्रममा नेपाली झण्डा महोत्सव आयोजनाका परिकल्पनाकार एवं अन्तरालका कार्यकारी निर्देशक जयनारायण शाहले नेपाली राष्ट्रिय झण्डा बुद्धको जन्मभन्दा अघिको भएको बताउँदै नेपालीको राष्ट्रियतालाई अझ बलियो बनाउन सरकारले झण्डा महोत्सवलाई राष्ट्रव्यापी बनाउनुपर्ने सुझाव दिए ।

### "मेरो वर्ष २०७५ अभियान" सुरू

कैलाली । प्रदेश नं ७ को धनगढीबाट 'मेरो वर्ष २०७५ अभियान' सुरू भएको छ । शनिबार मुख्यमन्त्री त्रिलोचन भट्टले शुभारम्भ गरेका छन् । सामाजिक विकास मन्त्रालयको परिसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री भट्टले अभियानको शुभारम्भ गर्दै स्वस्थ्य जीवन जीउन दैनिक योगाभ्यास गर्न जरूरी रहेको बताए । सामाजिक विकास मन्त्री दीर्घबहादुर सोडारीले स्वास्थ्य वर्ष अभियानलाई प्रदेश नं ७ का गाउँ/वडा तहमा पुऱ्याउनका लागि मन्त्रालयले विभिन्न योजना र कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी दिए । 'स्वस्थ्यप्रति जिम्मेवार, समृद्धिको आधार' भन्ने मूल नाराका साथ मेरो वर्ष अभियान शुरू गरिएको जनाइएको छ ।

### दूतावासको सम्पर्क कार्यालय लक्षित बिस्फोट

विराटनगर । भारतीय राजदूतावासको विराटनगरस्थित सम्पर्क कार्यालयलाई लक्षित गरी सोमबार राति बम बिस्फोट भएको छ । बिष्फोटबाट विराटनगर-१३ स्थित उक्त कार्यालयको पर्खालमा सामान्य क्षति भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक अरूणकुमार बिसीले सम्पर्क कार्यालय पछाडिको खुल्ला चौरमा भएको बिस्फोटले कार्यालयको पर्खालमा सामान्य क्षति भएको बताए । 'बम कसले र किन बिस्फोट गराएको बारे केही खुल्न सकेको छैन,' उनले भने, 'घटनाको छानबिन भइरहेको छ त्यसपछि मात्रै केही भन्न सकिन्छ ।' घटनास्थलमा र सम्पर्क कार्यालयको वरिपरि सुरक्षा व्यवस्था कडा पारिएको छ । प्रहरीले प्रेसरकुकर बम भएको आशंका गरेको छ । प्रहरीले बम बिस्फोट गराउने बारे अनभिज्ञता व्यक्त गरे पनि मंगलबार नेत्र बिक्रमचन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले बन्दको आह्वान गरेकोले उनकै कार्यकर्ताले बम बिस्फोट गराएको हुन सक्ने अनुसन्धानमा खटिएको प्रहरीको आशंका छ ।

### ईशनाथ नगरपालिकामा मेयर कप सुरू

राकेश यादव, रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिकाको आयोजनामा औरैयामा मेयर कप २०७५ बुधबारदेखि सुरू भएको छ । गरपालिकाको ९ वटा वार्ड र मेयर टीम गरी १० वटा टीम सहभागी भएको मेयर कप २०७५ टी ट्वेन्टी क्रिकेट प्रतियोगिताको नगर प्रमुख संतोष मेहताले एक कार्यक्रमकोबीच उट्घाटन गरेका छन् । जनता माध्यमिक विद्यालयको प्रांगणमा आयोजित प्रतियोगिताको उद्घाटन समरोहको सम्बोधन गर्दै मेयर मेहताले नगरपालिकाभित्र भएका क्रिकेट खिलाडीको पहिचानसँगै खेलकूदको विकास गर्ने उद्देश्यका लागि  नगरपालिकाको लगानीमा खेलको आयोजना गरिएको बताएका छन् । उनले भने आफू प्रमुख रहेसम्म क्रिकेट लगायतका विभिन्न खेलकूद समय समयमा आयोजना गरिने छन् । नगरपालिकाले शारीरिक विकास, मानसिक विकास लगायत सामाजिक विकासको कार्यलाई विकास निर्माणको कार्य जस्तो प्राथमिकतामा राखेको उल्लेख गरे ।

### पुस्तक वितरण

कपिलवस्त । यशोधरा गाउँपालिकामा रहेको अनिरूद्ध पब्लिक माध्यमिक विद्यालयमा पुस्तक दिवसको अवसरमा पुस्तक वितरण गरिएको छ । यशोधरा गाउँपालिकाका अध्यक्ष गिरिजेश कुमार पाण्डेयले विद्यालयलाई आवश्यक पर्ने विभिन्न पुस्तकहरू विद्यालयका प्रधानाध्यापक देवेन्द्रमणि त्रिपाठीलाई वितरण गरेका हुन् । कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूलाई पुस्तक वितरण गरिएको हो । सो अवसरमा बोल्दै अध्यक्ष पाण्डेयले शिक्षाको विकासमा गाउँपालिका लागेको हुँदा सवै विद्यालयहरूले विद्यालय भर्ना अभियान सफल पारी गुणस्तरीय शिक्षा दिनुपर्ने बताए । शिक्षाको विकासका लागि गाउँपालिकाले रकम विनियोजन र आवश्यक नीतिहरू निर्माण गर्ने समेत बताए । शिक्षाको विकास विना अन्य क्षेत्रको विकास सम्भव नभएकोले सबै शिक्षक तथा अभिभावकले जिम्मेवार भएर काम गर्नु र सहयोग गर्नु पर्ने समेत पाण्डेले सो अवसरमा बताए ।

### सयौं विवेकशीलमा प्रवेश

झापा । सुरूङ्गाको एमालेका २ पटक निर्वाचित गाउँ विकास समितिका अध्यक्ष र पछि लामो समय स्वतन्त्र रहेर गत स्थानीय चुनावमा मेयरमा सम्मानजनक मतका साथ तेस्रो स्थान हासिल गरेका भिम प्रसाद अधिकारीको नेतृत्वमा विभिन्न दलसँग आवद्ध र स्वतन्त्रहरू गरी १६० जना विवेकशील साझा पार्टीमा प्रवेश गरेका छन् । बुधबार सुरूङ्गामा आयोजित एक कार्यक्रमका बीच अधिकारीले लामो समयदेखि आफूहरू विश्वासिलो लोकतान्त्रिक वैकल्पिक पार्टीको प्रतिक्षामा रहेको र त्यो रिक्तता विवेकशील साझा पार्टीले पुर्ति गरेको बताए । विवेकशील साझा पार्टीले २०७५ साललाई एक लाख सदस्य बनाउने उद्देश्यका साथ संगठन विस्तार वर्ष घोषित गरेको छ । 'हामी हाम्रो मूल्य(मान्यता, उद्देश्य र दृढतामा आस्था राख्ने देश तथा विदेशमा रहेका नेपालीलाई धधधादष्दभपकजभभकिबवजबायचनमा गएर सदस्यता लिन तथा देशभरी सुरूङ्गाको जस्तै कार्यक्रमहरू आयोजना गर्न हार्दिक अपिल गर्दछौं ।' विज्ञप्तिमा उल्लेख छ ।

### भगवान परशुरामको जन्मोत्सव मनाइयो

दिनेश ठाकुर, नेपालगन्ज । नेपाल मारवाडी ब्राह्मण समाज तदर्थ समितिको संयोजकत्वमा भगवान परशुरामको जन्यजयन्ती नेपालगन्जमा धुमधामका साथ मनाइएको छ । नेपालगन्जमा पहिलो पटक मारवाडी ब्राह्मण समाजको आयोजनामा भगवान परशुरामको जन्मजयन्ती मनाइएको हो । मारवाडी ब्राहमण समाजले भगवान परशुरामको जन्मोत्सवमा देशमा शुख, शान्तिको कामना गरिएको जनाएको छ । कार्यक्रममा मारवाडी ब्राह्मण समाजका अगुवाहरू लालचन्द्र शर्मा, ताराचन्द्र शर्मा, नारायण शर्मा, कैलाश दाधिच, उमेश पारिक, राजेश शर्मा, दिनेश शर्मा, मनोहर शर्मा लगायतको सहभागिता रहेको थियो ।

### सचेतना कार्यक्रम सम्पन्न

कपिलवस्तु । जिल्लामा लागू पदार्थका प्रयोगकर्ता बढेको गुनासो आएपछि त्यसलाई रोक्न जिल्लाका युवाहरूले सक्रियता बढाएका छन् । जिल्लामा दुर्व्यसनी कम गर्न मानवअधिकारका लागि जिल्ला युवा समूह कपिलवस्तु र अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) ले कपिलवस्तु बहमुखी क्याम्पसमा 'लागू औषध नियन्त्रण, ट्राफिक नियम पालना र मानवअधिकारका सवालमा सचेतना' कार्यक्रम गरेको छ । सो कार्यक्रममा लागू औषध दुर्व्यसनी, यसका लक्षण र यसबाट हुने परिणामबारे जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायव उपरीक्षक नरेन्द्रजंग कार्कीले प्रशिक्षण दिएका थिए भने ट्राफिक नियम पालना, दुर्घटना हुने मुख्य कारणहरू, ट्राफिक चिन्हहरू र सुरक्षित सडक प्रयोगका सम्बन्धमा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक अमरबहादुर कार्की समेतको टोलीले श्रब्य दृष्य सहितको प्रस्तुतिद्वारा प्रशिक्षण दिएका थिए ।




माके-एमाले एकतामा वैचारिक-राजनीतिक भन्दा नेतृत्व र प्राविधिक विषय हावी हुनु उचित भएन। देशको आवश्यकता कांग्रेस र एमालेको विकल्पमा तेश्रो अग्रगामी धारको निर्माण हो। एमालेमा माकेको विलयले अग्रगमनलाई हैन पश्चगमनलाई नै बल पुग्नेछ। जनयुद्धको जगमा निर्मित माके नेतृत्वले गम्भीर रूपले सोचोस्। **डा. बाबुराम भट्टराई**


ओली हिजो चीनतिर ढल्केर उतैको रेल ल्याउने उद्घोषमा भयंकर राष्ट्रवादी भएका थिए,आज भारततिर ढल्केर उतैको रेल ल्याउने डिङ हाँक्दै छन्। ओलीको यो पिपलपाते प्रवृत्तिमा म त मोदीको चाकरी र चीनको उपहास पो देख्छु। के ओली चीनलाई झस्काउँदै भारत भक्तिमा पुनः मुसिको भव भा हुन् ? **खंग्रेन्द्र संगौला**


वैशाख लाग्यो अब जेठमा केही हुनेवाला छ। केही नभै त भकै छैन। रेल, मोटर, पेरूंगा। विहान साथी सोध्दै थियो, कान्ति राजपथ खोल्ने भएपछि किन चाहियो निजगढ सैनिक द्रुतमार्ग ? जवाफ छ ? **किशोर नेपाल**


बेलायती सेनामा काम गरेका नेपालीहरूप्रतिको भेदभाव एवं असमान व्यवहारका बिरूद्ध ठूलो संघर्ष पछि केही उपलब्धी हाँसिल भएपनि पुर्ण समाधान नभएकाले २ सरकारले प्रबिधिक टोलि बनाएको थियो। उक्त टोलीले दुवै सरकारलाई प्रतिबेदन बुझाईसकेको छ। सरकारले तत्काल उच्च तहमा वार्ता गरी टुङ्ग्याउन पहल गरोस्। **नारायणकाजी श्रेष्ठ**


सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न नीति निर्माण तहमा रहनेले आफ्ना सन्तानलाई ती विद्यालयमा पढाए भने जनताको भरोसा स्वतः जाग्छ। यस अर्थमा ७ नम्बर प्रदेशमा मुख्यमन्त्री त्रिलोचन भट्ट र स्यांजा फेदीखोला गाउँपालिका अध्यक्ष घनश्याम सुवेदी रोल मोडल बनेका छन्। **मात्रिका पौडेल**


रेशम चौधरीलाई वीर अस्पतालको क्याबिनमा उपचार गराईरहेको अवस्थामा पनि हतकडी लगाएर राखेको समाचारले मर्माहत तुल्याएको छ। उनीमाथी लागेको आरोप प्रमाणित गर्न राज्यले सकिरहेको छैन तर पनि यो हर्कत किन गरिरहेको छ राज्यले ? उनले आरोप प्रमाणित भए म जेल गएर बस्छु, तर मलाई यो हालतमा नराख भनेर बारम्बार भनिरहेका छन्। खै, न्यायको कुरा गर्नेहरू कुन दुलोमा छन् ? **ईश्वर अर्याल**


'जातको आधारमा होइन वर्गको आधारमा पछि पारिएका छौं' भनेर कसैले लेख्यो भने त्यसलाई तारीफ गर्नेको ताँती लाग्छ। गरीब भएकोले गर्दा छुवाछुत र जातीय विभेद भएको हो र ? खासमा विगत ३/४ हजार वर्षदेखि छुवाछुत र जातीय विभेद गरेकोले नै विभेदमा परेका मान्छे गरीब बनेका होइनन् र ? **मेघराज रसाईंली**


नीति बनाउने हैसियत राख्नेहरूले त ८० प्रतिशत विद्यार्थी पढ्ने साामुदायिक विद्यालयको स्तर सुधार्नु, शिक्षाका नाममा राजनीति बन्द गर्नु, बोली र व्यवहारमा प्रभाव राख्नेले आफ्ना बच्चा सामुदायिकमा पढाएर उदाहरण पेश गर्नु। एउटा बच्चा टिपेर त देशको शिक्षा कतै पुग्दैन। **समा थपा**


पैसा धेरै भएर बोर्डिङ स्कुलमा पढ्न आएको होइन। सरकारी स्कुलमा गुणस्तरहीन शिक्षा भएर मात्र बोर्डिङमा आएको छु। दबाब निजीलाई होइन सरकारी विद्यालय गुणस्तरीय शिक्षाका लागि दबाब दिनु जरूरी छ। **पुरूषोत्तम साह**

# बेगम हजरतको १३९औं स्मृति मनाइयो



काठमाडौं। भारतीय स्वतन्त्रता सेनानी बेगम हजरत महलको १३९ औं स्मृति दिवस काठमाडौंमा मनाइएको छ। नेपाल-भारत मिल्लत काउन्सिलले महलको काठमाडौंस्थित समाधि स्थलमा स्मृति दिवस आयोजना गरेको हो। कार्यक्रममा भारतीय राजदूत मञ्जीवसिंह पुरीलगायत दूतावासका उच्च अधिकारी सहभागी थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै राजदूत पुरीले नेपाल-भारतको सम्बन्ध सदियौंदेखिको रहेको बताउँदै आफ्नो मुलुकले नेपालको हित चाहने बताए। उनले प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणलाई भारतले उच्च महत्व दिएको स्मरण गर्दै विकासमा भारत सहयोगी बन्ने विश्वास दिलाए। कार्यक्रममा नेपाल-भारत मिल्लत काउन्सिलका अध्यक्ष समीम अन्सारीले नेपाल-भारतको सम्बन्ध रोटीबेटीको रहेको उल्लेख गर्दै आगामी दिनमा त्यसलाई अझै मजबुत गर्दै लैजानुपर्नेमा जोड दिए।

सन् १८२० मा भारतको फैजावादमा जन्मिएकी महलले १८५७ को भारतीय स्वतन्त्रता क्रान्तिको नेतृत्व गरेकी थिइन्। क्रान्तिकै क्रममा महल नेपालमा शरणमा आएकी थिइन्। तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले उनलाई शरण दिएका थिए। महलको १८७९ अप्रिल ७ मा काठमाडौंमा निधन भएको थियो। उनको पार्थिव शरीरलाई घण्टाघरस्थित जामे मस्जिद परिसरमा समाधिस्थ गरिएको थियो। महलको सम्झनामा नेपाल-भारत मिल्लत काउन्सिलले विगत ७ वर्षदेखि स्मृति दिवस मनाउँदै आएको छ।

# नेपाल-भारत प्रसारण लाइन निर्माणमा सहमति

काठमाडौं। नेपाल र भारतबीच सम्पन्न ऊर्जा व्यापार सम्झौता (पीटीए) कार्यान्वयनका लागि गठित द्विपक्षीय सचिव र सहसचिवस्तरीय समितिको नयाँदिल्लीमा बसेको पाँचौं बैठकले ४०० केभी क्षमताको बुटवल-गोरखपुर १३० किमि लामो प्रसारण लाइन निर्माणका लागि आवश्यक वित्तीय स्रोतको 'मोडालिटी' टुंग्याएको छ।

जलस्रोत तथा ऊर्जा मन्त्रालका सहसचिव दिनेश घिमिरेका अनुसार प्रसारण लाइनको लागत उठाउन सुरूका केही वर्ष भारतबाट बिजुली आयात गर्ने भएकाले त्यस अवधिको प्रसारण लाइन शुल्क नेपालले तिर्नेछ।



त्यसपछि बाँकी अवधिका लागि भने भारतले नै शुल्क तिर्ने सहमति बनेको छ।

नेपालको ऊर्जा क्षेत्रको विकासका लागि यो दोस्रो अन्तरदेशीय प्रसारणलाई निकै महत्वका साथ हेरिएको छ। सन् २०२० सम्ममा वर्षायाममा नेपालमा विद्युत् उर्जा खेर जाने प्रक्षेपणलाई ध्यानमा राख्दै नेपाल सरकारले बुटवल-गोरखपुर प्रसारण लाइन निर्माणमा जोड दिएको छ। प्रसारण लाइन बनेको खण्डमा हिउँदमा भारतबाट बिजुली आयात गर्न र वर्षाका बेला नेपालबाट निर्यात गर्न सहज बन्नेछ। दुई दिनसम्म चलेको बैठकमा सहमति नजुटेपछि दुवै देशका प्रतिनिधि रहेको संयुक्त समिति बनाउने र त्यसले सुझाउने विकल्पमध्येबाट आगामी बैठकमा अन्तिम निर्णय लिने समझदारी बनेको छ।

यसैबीच ऊर्जा सचिव अनुप उपाध्यायसहितका केही उच्च अधिकारी र भारतका ऊर्जामन्त्री आरके सिंहबीच भेटवार्ता भएको छ। भेटमा ऊर्जा क्षेत्रमा गर्न सकिने सम्भावित साझेदारीबारे छलफल भएको छ।

## आर्थिक समाचार

### एनसेलले ल्यायो "सही" डेटा प्याक

काठमाडौं। एनसेल प्राइभेट लिमिटेडले 'फ्यूलयोर फन' योजनाअन्तर्गत आफ्ना ग्राहकका लागि अल टाइम डेटा प्याकलाई थप सुलभ बनाउँदै 'सही' डटा प्याक ल्याएको छ। यस नयाँ 'सही' डेटा प्याकमा ग्राहकले विद्यमान अल टाइम डेटा प्याकभन्दा १० गुणा बढी डेटा प्राप्त गरी थप सुलभ दरमा चौबिसै घण्टा ईन्टरनेटमा पहुँचका साथै बोनस स्वरूप दैनिक एक घण्टा निःशुल्क भिडियो स्ट्रिमिङको मज्जा पनि लिन सक्नेछन्। 'सही' डेटा प्याक गत बिहीबारदेखि लागु भएको छ। यो डेटा योजनाअन्तर्गत एनसेलका ग्राहकले आधा जिबिदेखि १५ जिबिसम्मको १ दिन देखि ३० दिन सम्मको समयावधिका चौबिसै घण्टा चलाउन सकिने अल टाइम डेटा प्याकहरू रू ३९ देखि रू ७९९ सम्ममा सुचारू गर्न सक्नेछन्। ग्राहकले १ दिन समयावधि रहेको आधा जिबिको सही डेटा प्याक करसहित मात्र रू ३९ मा सुचारू गर्न सक्नेछन्, भने तीन दिन समयावधि रहेको १.५ जिबि डेटा करसहित रू ९९, सात दिन समयावधि रहेको ३.५ जिबि डेटा कर सहित रू १९९ र तीस दिन समयावधि रहेको १५ जिबि डेटा करसहित रू ७९९ मा सुचारू गर्न सक्नेछन्। सही प्याक लिएका ग्राहकले आफूले लिएको प्याक अवधिभर दैनिक एक घण्टा निःशुल्क भिडियो स्ट्रिमिङको मज्जा पनि लिन सक्नेछन्। यो योजनाअन्तर्गतको निःशुल्क भिडियो स्ट्रिमिङमा आईफ्लिक्स, युट्युब, युट्युबगो तथा एनसेलका अरू भिडियो प्लेटफर्म (नेट टिभि, भियुक्लिप, लाइफस्टाइल पोर्टल, फन स्टोर पोर्टल, स्पोर्टस् पोर्टल) मा रहेका भिडियो कन्टेन्ट हेर्न सक्नेछन्। ग्राहकले गुगलको सेवा जस्तै प्ले स्टोर, म्याप आदिका लागि पनि यो निःशुल्क भिडियो स्ट्रिमिङ सुविधाको प्रयोग गर्न सक्नेछन्। 'सही' डेटा प्याक एनसेलको टु जी, थ्रि जी तथा फोर जी सबै नेटवर्कका लागि मान्य रहेको छ।

### नगद रहित सेवा सम्झौता

काठमाडौं। आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नर्भिक इन्टरनेश्नल हस्पिटलबीच सेवा प्रदान गर्ने सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नर्भिक इन्टरनेश्नल हस्पिटलका प्रमुख बजार अधिकृत प्रविण धरले हस्ताक्षर गरेका छन्। यस सम्झौता पश्चात आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट औषधोपचार बीमा सेवा खरिद गर्ने ग्राहकहरूको बीमालेखको सीमासम्म नर्भिक इन्टरनेश्नल हस्पिटलबाट नगदरहित हस्पिटलाईजेसन सेवा प्राप्त हुनेछ। सोही अवसरमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले नर्भिक इन्टरनेश्नल हस्पिटलले कम्पनीसँगको सहकार्यमा कम्पनीका ग्राहकहरूलाई बीमालेखमा तोकिएको सीमासम्म क्यासलेस हस्पिटलाइजेशन सुविधा प्रदान गर्ने इच्छा व्यक्त गरी सम्झौता गरेकोमा अस्पतालका संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिए।

### ग्लोबल आइएमई राष्ट्रिय फोटो पत्रकारिता अवार्ड हुने

काठमाडौं। राष्ट्रिय फोटो पत्रकार समूहले आयोजना गरेको दोश्रो राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०७४ को मुख्य प्रायोजन ग्लोबल आइएमई बैंकले गर्ने भएको छ। बैंकसँग सम्झौता भएसँगै अवार्डको नाम ग्लोबल आइएमई राष्ट्रिय फोटो पत्रकारीता अवार्ड २०७४ हुने छ। लाइफटाइम अचिभमेन्ट फोटो पत्रकारिता अवार्ड पनि ग्लोबल आइएमई बैंककै नामबाट वितरण गरिने भएको छ। मंगलबार आयोजक संस्थाका संयोजक प्रदिपराज वन्त र बैंकको तर्फबाट प्रमुख बजार व्यवस्थापक गणेश अवस्थीबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

# त्रिदेशीय सहकार्य गर्न चीन तयार

काठमाडौं। नेपालको विकासका लागि अन्य मुलुकसँग पनि हातेमालो गर्न चीन तयार रहेको चिनियाँ परराष्ट्रमन्त्री वाङ यीले बताएका छन्। बेइजिङमा नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसंगको संयुक्त पत्रकार सम्मेलनमा वाङले यस्तो विचार राखेका हुन्।

चीन भ्रमणमा रहेका परराष्ट्रमन्त्री ज्ञवालीसँगको भेटपछि चिनियाँ राज्य परिषदका सदस्य एवं परराष्ट्रमन्त्री वाङले संयुक्त पत्रकार सम्मेलनको आयोजना गरेका थिए। चिनियाँ परराष्ट्रमन्त्री वाङले भने, 'नेपालको विकासमा चीन र भारत दुवै छिमेकी मुलुकले सहयोग गर्न सक्छन्। चीन, नेपाल र भारतबीचको त्रिपक्षीय सहयोग तीनवटै मुलुकका लागि फाइदाजनक छ।'

चिनियाँ परराष्ट्रमन्त्री वाङले नेपालको भौतिक पूर्वाधारलगायतका विकासमा चीन र भारतले सहयोग गर्नुपर्ने उल्लेख गरे। दुई वर्षअगाडि तत्कालिन प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा पनि चिनियाँ परराष्ट्रमन्त्री वाङले नेपालको विकासमा चीन र भारतबीच स्वस्थ प्रतिस्पर्धा हुनु राम्रो भएको भन्दै नेपाललाई अन्तर्राष्ट्रिय बक्सिङ खेलको एरेना नबनाइने बताएका थिए।

परराष्ट्रमन्त्री ज्ञवालीले पनि चिनियाँ रेललाई नेपालमा प्रवेश गराउने उच्च अभिलाशा व्यक्त गरे। पत्रकार सम्मेलनमा चिनियाँ परराष्ट्रमन्त्री वाङले केरूङ र तातोपानी बोर्डरलाई विस्तार गरिने बताए। उनले हिमालय क्षेत्र पार गरेर अन्तरदेशीय बहुआयामिक संजाल स्थापना गरिने पनि औंल्याए। बेल्ट एण्ड रोड इनिसिएटिभ बीआरआई मार्फत नेपालले भौतिक पूर्वाधार विकाससँग प्रशस्त चिनियाँ लगानी भित्र्याउन सक्ने उल्लेख गरे।

दुई परराष्ट्रमन्त्रीबीचको भेटवार्ताले मुख्य गरेर विगतमा भएका सम्झौताको कार्यान्वयनका लागि सक्रियताका साथ काम गर्ने र आवश्यक संयन्त्रहरू बनाइने छ। यस्तै, परराष्ट्रमन्त्री ज्ञवालीले चिनियाँ उपराष्ट्रपति वाङ छिसानसँग पनि भेट गरेका थिए। भेटका क्रममा मन्त्री ज्ञवालीले नेपालको वर्तमान अवस्थाको जानकारी गराएका थिए।

## सलमानलाई नेपाल आउन अदालतको अनुमति



काठमाडौं। भारतीय अभिनेता सलमान खानलाई कन्सर्टका लागि नेपाल आउन अदालतले अनुमति दिएको छ। कालो हरिण शिकारको मुद्दामा ५ वर्षको सजाय सुनाइएपछि जमानतमा छुटेका उनलाई अर्को सुनवाईसम्म विदेश जान प्रतिवन्ध लगाइएको थियो। जोधपुर अदालतले सलमानलाई नेपाल लगायत ३ राष्ट्रको भ्रमण अनुमति दिएको हो। उनले विदेश जानका लागि अदालतमा निवेदन दिएका थिए। उनको निवेदनमाथि जोधपुर अदालतले सुनवाई गर्दा २५ मेदेखि १० जुलाईसम्म विदेश भ्रमणको अनुमति दिइएको छ। यो अवधिमा सलमानले क्यानाडा, नेपाल र अमेरिकाको भ्रमण गर्नेछन्। आफ्नो 'द ब्याङ टुर' अन्तरगत सलमानले आउँदो १२ जेठमा काठमाडौंमा प्रस्तुति दिदैछन्। उनका साथमा नायिका सोनाक्षी सिन्हासहित थुप्रै कलाकार आउनेछ।











**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं